# दाङ जिल्ला गंगापरस्पुर -३ पर्साका मुक्त कमैयाहरुको समाजशास्त्रीय एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत
समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका
आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको

शोधपत्र

प्रस्तुतकर्ता
लव अधिकारी
समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०६८

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र /मानवशास्त्र**
**केन्द्रीय विभाग**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संङ्काय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्तिका लागि मेरो निर्देशन र सुपरीवेक्षणमा लव अधिकारीले **दाङ जिल्ला गंगापरस्पुर -३ पर्साका मुक्त कमैयाहरुको समाजशास्त्रीय एक अध्ययन** विषयमा यो शोधपत्र तयार पार्नु भएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाइ आवश्यक मूल्यांकनका लागि सिफारिस गर्दछु ।

.............................
प्रेम चलाउने
शोधपत्र निर्देशक
समाजशास्त्र /मानवशास्त्र
केन्द्रिय विभाग, किर्तिपुर
मिति : २०६८ / /

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र/मानवशास्त्र**
**केन्द्रिय विभाग, कीर्तिपुर ।**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग, विश्वविद्यालय क्याम्पसका छात्र लव अधिकारी ले प्रस्तुत गर्नु भएको **दाङ जिल्ला गंगापरस्पुर -३ पर्साका मुक्त कमैयाहरुको समाजशास्त्रीय एक अध्ययन** विषयको शोधपत्रलाई समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूरा गर्नका निमित्त स्वीकृति प्रदान गरिएको छ ।

शोध मूल्याङ्कन समिति

............................
प्रेम चलाउने
शोधपत्र निर्देशक

............................
जीवनमणि पौडेल
बाह्य परीवेक्षक

..........................................
प्रा.डा. ओम गुरुङ
विभागीय प्रमुख
समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग
त्रिभुवन विश्वविद्यालय
मिति : २०६८ । ।

## कृतज्ञता ज्ञापन

सर्वप्रथम आफुलाई शिक्षाको यस उच्च तह सम्म पुग्न हर तरहबाट अविछिन्न रुपले प्रोत्साहन र हौसला प्रदान गर्नुहुने पूज्यनीय बुवा ऋषिराज अधिकारी र देवा अधिकारी ज्यू प्रति अत्यन्त आभार प्रकट गर्दछु ।

प्रस्तुत **दाङ जिल्ला गंगापरस्पुर -३ पर्साका मुक्त कमैयाहरुको समाजशास्त्रीय एक अध्ययन** विषयको शोधपत्र समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नका निमित्त तयार गरिएको भए पनि यसले कमैया बारेमा अध्ययन गर्ने विद्यार्थी एवम् यस सम्बन्धी जिज्ञासा राख्ने जो कसैका लागि पनि सहयोग पुऱ्याउने आशा गरेको छु ।

यो शोधपत्रलाई यस रुपमा ल्याउने क्रममा प्रत्येक पाइला पाइलामा सुझाव र निर्देशन दिएर आफ्नो अमूल्य समय लगाई सहयोग गर्नु भएकोमा म मेरा शोध निर्देशक प्रेम चलाउने तथा बाह्य निरीक्षक जीवनमणि पौडेलप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यो शोधकार्य मेरो पहिलो अनुभव भएकोले शोध अध्ययन गर्ने क्रममा कमी कमजोरी अवश्य रहेका होलान् जसलाई हटाउन आफ्नो तर्फबाट भरमग्दुर प्रयास गरेको छु । यो शोधकार्य गर्ने समयमा विभिन्न सल्लाह सुझाव दिई सहयोग गर्नु हुने साथीहरु बालकृष्ण पौडेल र युवराज डागी प्रति हार्दिक आभार प्रकट गर्दछु । यसका साथै शोधकार्य गर्ने समय सम्म विविध पक्षबाट सहयोग पुऱ्याउने तथा उच्च शिक्षा अध्ययनमा मलाई निरन्तर लागिरहन प्रेरणा प्रदान गर्ने मेरी जीवन संगी सीता पौडेल हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसैगरि भाई कुश अधिकारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

यो शोधपत्र तयार गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग सदभाव प्रदान गर्ने सवै संघ-संस्था, मित्र तथा सुभेच्छुक प्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा कम्प्युटर टाइप गर्न सहयोग गर्नुहुने पिस कम्यूनिकेसनलाई धन्यवाद दिन चाहन्छु ।

**लव अधिकारी**

## विषयसूची


पृष्ठ नं.

**सिफारीस पत्र**

**स्वीकृती पत्र**

**कृतज्ञता ज्ञापन**

**विषयसूची**

**अध्याय- एक**

**परिचय**

१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको उद्देश्यहरु ७

१.४ अध्ययनको महत्व ७

१.५ अध्ययनको सीमा ७

**अध्याय दुई**

**सान्दर्भिक साहित्यको पुनरावलोकन**

२.१ कमैया प्रथा एक विश्लेषण ८

२.२ कमैया प्रथा सामाजिक, आर्थिक र राजनैतिक पक्ष ९

२.३ कमैया मुक्तिको घोषणा र पहिचान १०

२.४ कमैया र अन्य खाले कृषि श्रम बीच भिन्नता ११

२.५ कमैया प्रथा फस्टाउनुका कारण १३

२.६ कमैया आन्दोलन र बेस १४

२.७ मुक्त कमैयाको वर्तमान अवस्था र पुर्नस्थापना १५

२.८ मुक्ति पछिको अवस्था १७

२.९ सम्बन्धित पूर्व अध्ययनको पुनरावलोकन १७

## अध्याय - तिन
## अध्ययन विधि

३.१ अध्ययन क्षेत्र छनौटको औचित्य २०

३.२ अनुसन्धान ढाँचा २०

३.३ तथ्याङ्कको प्रकृति र स्रोत २०

३.४ तथ्याङ्क संकलनका तरीका २१

३.५ तथ्याङ्कको विश्लेषण २२

## अध्याय-चार
## अध्ययन क्षेत्रको परिचय

४.१ जिल्ला परिचय २३

४.२ पर्सा गाउँको संक्षिप्त परिचय २३

## अध्याय-पाँच
## तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण

५.१ समाजिक अवस्था २५

५.१.१ लिङ्गत आधारमा जनसंख्याको बनोट २५

५.१.२ साक्षरता शैक्षिक स्थिति २६

५.१.३ पारिवारिक संरचना २८

५.२.१ आर्थिक अवस्था २९

५.२.१ पेशा २९

५.२.२ जग्गामा पहुँच ३०

५.२.३ स्वास्थ्यसेवामा पहुँच ३१

५.३ वैयक्तिक अध्ययन ३२

५.३.१ वैयक्तिक अध्ययनः-एक (पूर्व कमैया) ३२

५.३.२ वैयक्तिक अध्ययनः-दुई (गोठालो) ३४

५.३.३ वैयक्तिक अध्ययनः- तिन (कम्लहरी) ३५

## अध्याय छ

## मुक्त कमैयाहरुको सामाजीकतथा आर्थिक स्थितीमा आएको परीवर्तन


६.१ पारीवारीक संरचनामा परिवर्तन ३७

६.२ पेशामा परिवर्तन ३७

६.३ आवासको स्थितिमा परीवर्तन ३८

६.४ महिला तथा बालबालीका र युवाहरुको स्थीतीमा परिवर्तन ३९

६.५ शैक्षिक स्थितिमा आएको परिवर्तनः ४०

६.६ कमैया मुक्तिका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुले भूमिका ४१

६.६.१ सरकारी क्षेत्रको भूमिका ४१

६.६.२ गैर सरकारी संस्थाको भूमिका ४२


## अध्याय - सात

## अध्ययनको सारांश र निष्कर्ष


७.१. सारांश ४४

७.२. निष्कर्ष ४६

**सन्दर्भग्रन्थको सूची**

## अध्याय - एक

## परिचय

### १.१ पृष्ठभूमि

शाब्दिक अर्थ जे/जस्तो भए पनि घरको कुनै पनि काम गर्न राखिएका दास सरहका व्यक्तिलाई कमैया भन्ने गरिन्छ । विशेषगरी खेतीपातीको काम गर्ने मुख्य उद्देश्यका लागि राखिए पनि यिनीहरुले गर्न हुने र नहुने वा गर्नुपर्ने र नपर्ने कामको कुनै सीमा हुँदैन । जसरी यिनीहरुले गर्नुपर्ने काम असीमित हुन्छ, त्यसरी नै काम गरेवापत यिनीहरुलाई मालिक ले दिने ज्याला, खान्की आदिको पनि कुनै सीमा हुँदैन । यो दिनेको दयामायामा निर्भर रहन्छ (नेपाल पाक्षिक, २०५८) ।

नेपाल यस्तो कृषि प्रधान देश हो जहाँ मुख्य गरी खाद्यान्न बालीको उत्पादन हुने गर्छ भने भुमि नै प्रमुख आयको स्रोत हो । अधिकांश मानिसहरु भूमिहीन छन् भने ग्रामीण गरीवीको कारण नै भुमिहीनता भएको छ । हालका वर्षहरुमा भूमिहीनताले सवैभन्दा बढी मानिसको ध्यान आकर्षण गरेको छ । नेपालको सवैजसो क्षेत्रमा यो समस्या छ तापनि तराईमा यसको प्रभाव बढी परेको देखिन्छ र यसलाई समाधान गर्न गाह्रो छ (गोरखापत्र २०५९ साल, साउन ३ गते) ।

नेपाली समाज विविधता र असमानताले भरिपूर्ण छ । जातिय व्यवस्थालाई कानुनी रुपमा निषेध गरिएको भएता पनि यो प्रथा समाजमा अझै विद्यमान रहेको छ । त्यस्तै अन्य केही अमानवीय र क्रुर परम्परा पनि कायम रहेका छन् । त्यस्तै मध्यको पश्चिम नेपालमा ५ वटा जिल्ला (दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) मा रहेको कमैया प्रथा पनि एक हो । जुन प्राचीन दास प्रणालीकै एउटा अवशेष हो (उप्रेती, २०५७) ।

“बाधा श्रम त्यस्तो श्रम हो जो अरुको लागि गरिन्छ” ( शर्मा, २०५६) । कमैया बाधा श्रम जो नेपालको पश्चिमी तराईमा रहेको छ , जुन पूर्वी तराईको कृषि श्रमभन्दा फरक रहेको छ । समाज कल्याण मन्त्रालयको अध्ययनमा कमैया बाधा श्रम एउटै हो भनी परिभाषित गरिएको छ । “नेपाली बृहत शब्द कोशमा बाधा श्रमलाई

यसरी परिभाषित गरिएको छ , रुपैया सापट लिए वापत सो रुपैया नकटुन्जेल नोकरी गर्न कबुल गरी बसेको व्यक्ति, कमारो” (नेपाल प्रज्ञा प्रतिष्ठान, २०६१) ।

कमैया भन्नाले त्यस्तो साहसिक, परिश्रमिक , वलवान र शक्तिवान श्रमिक हुन् अर्थात किसान हुन जो आफ्नो परिवार सहित भूमिपतिकोमा काम गर्दछन् । उसका पशु वा त्यस्ता कृषिसँग सम्बन्धित कार्य गर्दछन् । आफ्नो परिवार सहित भूमिपतिबाट ऋण लिएर वा नलिएर पनि काम गरेको हुनसक्छ । यसलाई कमैया भनिन्छ (नेपाल सरकार, वि.सं. २०५२) ।

कमैया एउटा श्रमिक हो । जो कडा परिश्रम एक्लै वा परिवारका सदस्यसँग मिलेर पनि गर्दछ (इन्सेक, २०४८) ।

संयुक्त राष्ट्रसंघको दासत्व, दास, व्यापार र दासत्व समान संस्था र अभ्यासहरुको उन्मुलन सम्बन्धी पुरक महासन्धी (१९५७) ले बाधा भन्नुको अर्थ अन्य व्यक्तिको अधिनमा जग्गामा कानुन परम्परा अथवा आपसी सहमतिद्वारा बस्ने श्रम गर्ने तथा त्यस्ता अन्य व्यक्तिका लागि परितोषिक विना केही निश्चित सेवा प्रदान गर्न बाध्य र आफ्नो स्थिति परिवर्तन गर्न स्वतन्त्र नभएको कृषकको अवस्था वा स्थिति भनेर परिभाषित गरिएको छ (इन्सेक , २०५६) ।

कमैया वास्तवमा एउटा कामदार हो तर कामदार भन्दा फरक विभिन्न कारणले बाधा हुन्छ । थारु भाषामा कमैया शब्दको अर्थ जग्गामा खेती गर्ने हुन्छ ( जिफन्ट, २०५८) ।

मुक्ति भन्नाले कुनै पनि प्रकारको अधिनता वा दमनताबाट छुटकारा पाउनु भन्ने बुझिन्छ । सामाजमा कमैयाहरु जमिन्दारहरुमा आश्रित हुनुपर्ने स्थिति एका तिर थियो भने अर्को तिर समाजका विभिन्न संरचनाहरुले कमैयाहरुको हक अधिकारलाई सीमित गरेको थियो । उनीहरु आफ्नो हक अधिकार उपयोग गर्न नसकि बन्धनमा बाँधिएको जीवन जिउन बाध्य थिए । हुन पनि स्वतन्त्रता नपाएका कसैको अधीनता वा आश्रिततामा रहेर बाँचेकाहरुले विभिन्न किसिमको अवसरको उपयोग गर्न पाउने प्रश्नै थिएन । उनीहरु आफ्ना माग चाहना इच्छालाई पनि स्वतः स्फूत रुपमा पूर्णता दिन

सक्दैनथे । यसैले कमैयाहरुले आफ्नो हक र अधिकार प्राप्तिका लागि विभिन्न किसिमको आन्दोलन गरेको पाइन्छ जसबाट उनीहरुले जमिनदारको अधिनबाट मुक्त भई स्वतन्त्र तथा स्वाभिमानी जीवन जिउन थाले जसलाई कमैया मुक्ति भन्न सकिन्छ ।

ऐतिहासिक रुपमा थारु समुदाय नेपालको एकीकरण पूर्व तथा राज्यले कर प्रणाली र भूमि नीति लागू नगर्दासम्म उनीहरु पूर्ण रुपमा आत्म निर्भर थिए । खेतीपातीका लागि उनीहरुसँग आफ्नै जमिन थियो । तर नेपालको एकीकरण तथा राणशासनको सुरुवातसँग सँगै सोझा किसान थारुहरुको जमिन क्रमशः अन्य समुदायका उच्च वर्ग कतिपय थारु जातकै उच्च चौधरी वर्गका मानिसहरुमा हस्तान्तरण हुँदै गयो । राजपरिवारका सदस्य तथा नातेदार, राणाहरु, उनका नजिकका मान्छे त्यस्तै सेनाका उच्च तहका व्यक्ति लगायत राज्य शक्तिमा पहुँच हुनेहरुले ती सोझा किसान थारुहरुको जग्गा हडप्दै जाँदा उनीहरु क्रमशः भूमिहिन बन्दै गए । यस बाहेक राज्यको भूमि नीति तथा भूमि माथि लगाइएको कर व्यवस्थाले गर्दा पनि कतिपय गरिब किसान थारुहरु राज्यलाई कर तिर्न नसक्दा आफ्नो जमिन अत्यन्त सस्तो मूल्यमा बिक्री गर्न बाध्य भए (क्षेत्री, सन् २००६) ।

नेपालमा दासप्रथाको इतिहास बारे उपाध्याय (२०५६) लेख्छन्, “प्राचीन नेपालमा कृषि प्रणालीको विकासका साथ साथै दास प्रथाको थालनी भयो । सो क्रम किराँत र लिच्छवीकालमा पनि कायमै रहयो । लिच्छवीकालिन शिलालेखमा देवदासको उल्लेख पाइन्छ । नेपाल एकिकरणको साथसाथै दासदासी वा कमाराकमारी बनाउने काम तिव्ररुपमा अगाडि बढ्यो । गोर्खालीहरुले आफूले जितेका भू-भागका मानिसहरुलाई दासदासी बनाउन थाले । यसवाहेक आर्थिक, राजनैतिक, धार्मिक कारणले पनि दासदासी बनाइन्थ्यो । जंग बहादुरले दासप्रथा उन्मुलन गर्ने प्रयास गरेता पनि सफल भएनन्” (उपाध्याय, २०५६) २८ नोभेम्बर १९२४ मा चन्द्रशम्शेरले दास प्रथाको अन्त्य भएको घोषणा गरे । दासप्रथा गैह्र कानुनी भएता पनि नेपालको सुदुर तथा मध्य पश्चिमाञ्चलका ५ वटा जिल्लामा कमैया प्रथा २०५७ सालसम्म विद्यमान रहेको पाइन्छ (उप्रेती, २०५७) ।

यद्यपि १९२४ मा दासप्रथाको उन्मूलन भएता पनि यसले दासत्व उन्मूलनको क्षेत्रमा गरिव जनताको शोषणका लागि त्यति आधारभूत परिवर्तन ल्याउन सकेन । कानुनी र संवैधानिक रुपमा दासप्रथा माथि रोक लगाइएता पनि मानविय शोषण कायम नै रहयो । जसको प्रत्यक्ष उदाहरण मध्ये तथा सुदूर पश्चिममा रहेको कमैया प्रथामा गरिने मानविय शोषण हो । यसले मानिसलाई आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा शोषणको शिकार बनाउँदछ र मानव अधिकार हनन् गरी तिनीहरुको किनवेच कार्य हुने गर्दछ ।

कमैया प्रथा खास गरी गरिबीकै कारण शुरु भएको हो । कमैया बस्नेहरु थारु जातिका भएका र उनीहरु आफ्नो जमिन नभएका नै छन् । सरकारी तथ्याङ्क अनुसार पनि करीब १६,००० कमैया परिवारका ७०,००० कमैया मुक्त भएका छन् (गो. प. २०५७) । १९५० को दशकको अन्ततिर पूर्नबास कार्यक्रम लागु भयो र सरकारले बस्ती बसाउनका लागि जग्गा वितरण  गर्‍यो । (प्यकुरेल, सन् १९९४) ) सन् १९६४ मा नेपालमा भूमिसुधार कार्याक्रम लागु गरियो । त्यसभन्दा पछि थारु समुदायको स्थिति झन् खराब भएर गयो । पूराना भू - स्वमित्व भएकाहरुले २८ विगाहा भन्दा बढि जग्गा राख्न पाएनन् । भूमिसुभार कार्यक्रमको कार्यन्वयन हुनु अगावै तिनले आफ्नो जमिन ती मानिसहरुलाई विक्री गरे जो अन्य क्षेत्रबाट बसाँई सरी आएका थिए । उनीहरुले यस्ता जमिन सानासाना टुक्रामा खरीद गरे । यसरी मोहीहरु आफ्ना जग्गामा खेतीबाट वञ्चित भए (रजैरीया, सन् १९७७) ।

त्यसो त स्थानीय थारुहरुका बीचमा समेत आर्थिक असमानता प्रसस्तै मात्रामा रहेको पाइन्छ । टाठाबाँठ चौधरीहरुले राज्यको कर उठाए वापत त्यस्तै राणाको चाकरी गरे वापत कर तिर्न नपर्ने गरी विर्ताका रुपमा प्रशस्त मात्रामा भूमि प्राप्त गर्न सफल भए । यस किसिमको प्रचलनले गर्दा थारु जाति भित्रै वर्ग विभाजन भएको पाइन्छ । जसले गर्दा कतिपय थारु जमिन्दार भए भने कतिपय थारु तिनै जमिन्दारका कमैया भए । यसबाट के स्पष्ट हुन्छ भने केवल अन्य जाति र समुदायका मानिसहरुले गरिब किसान थारुहरुलाई दमन र शोषण नगरी आफ्नै जातिका उच्च वर्गका

मानिसहरुले समेत थारुहरुलाई भूमिहिन बनाउँदै कमैयाका रुपमा शोषण गरेको पाइन्छ (क्षेत्री रामबहादुर, सन् २००६) ।

## १.२ समस्याको कथन

वर्षौ वर्षको वाँधा जीवनबाट मुक्ति दिलाउने उद्देश्यले नेपाल सरकार भूमिसुधार मन्त्रालयद्वारा पश्चिम नेपालका ५ वटा जिल्लाहरु (दाङ, बाँके, वर्दिया, कैलाली र कंञ्चनपुर का कमैयाहरुलाई २०५७ सालमा मुक्त गरेको छ ।

यद्यपि नेपालबाट कानुनी रुपमा दासप्रथाको उन्मुलन श्री ३ चन्द्र शम्शेर ज. ब.रा का पालामा भएको र त्यसपछिका मुलुकी ऐनहरुमा पनि यस सम्बन्धी व्यवस्था भएका भएता पनि नेपालको पश्चिमी तराईमा मानिसहरुको किनवेच बाधा श्रमिकको रुपमा कायमै रहेको छ । यस क्षेत्रमा बाँधा श्रमिकको रुपमा काम गर्ने ती मानिसहरु थारु समुदायका भएका र तिनको अधिकांशको आफ्नो जमिन छैन जमिन भएकाहरु पनि थोरै हुने र त्यसवाट गुजारा नचल्ने हुँदा ऋण लिई कमैया बस्न बाध्य छन् । नेपाल सरकारद्वारा उनीहरुको २०५७ सालमा ऋण मिनाह गरी कमैया मुक्त गरिएता पनि त्यसपछिका दिनहरुमा उनीहरुको पुनस्थापनाको लागि ठोस कदम समयमै नचाल्दा त्यसबाट उनीहरुको जीवनमा त्यसको प्रत्यक्ष असर परेको छ । स्थानीय स्तरमा प्रयाप्त कामको उपलव्धता नहुनु, कृषि बाहेक अन्य बैकल्पिक रोजगारको अभाव, आफुसँग जग्गा नै नहुनु आदि कारणले यी मुक्त कमैया परिवारको सामाजिक, आर्थिक अवस्था प्रत्यक्ष रुपमा प्रभावित भएको छ । कतिपयको नाम मात्रको आफ्नो जमिन छ । जो हालसम्म पनि कमैया बस्न बाध्य रहेका छन् ।

सरकारले कमैया प्रथाको अन्त्यको घोषणासँगै सम्पूर्ण कमैयाहरु मुक्त भए । मुक्तिको घोषणा सँगै सरकारले प्रत्येक मुक्त कमैया परिवारहरुका लागि निश्चित जग्गा तथा आवासको व्यवस्था गर्ने घोषणा गर्‍यो । सरकारको यो निर्णयले मुक्त कमैयाहरुले स्वतन्त्रताको अनुभूति गरे । किन कि उनीहरु यस अगाडि विभिन्न छलकपटमा पर्दै जमिन्दारको घरमा बाधा श्रमिकका रुपमा कमैया बस्न बाध्य भएका थिए ।

सरकारी घोषणासँगै मुक्तिको अनुभूति गरे पनि मुक्त कमैयाहरु माभ्क विभिन्न खालका समस्याहरु विद्यमान छन् । गरिब तथा अशिक्षित मुक्त थारु कमैयाहरु कामको अवसर तथा खेती गर्ने जग्गा नहुँदा विभिन्न खालका चुनौतिहरुको सामना गर्न बाध्य छन् । जस्तै कम ज्यालामा काम गर्नु पर्ने, मालिक वा जमिन्दारसाग आश्रीत रहि रहने स्थितिलाई हटाउनु पर्ने, आफ्नै आवासको व्यवस्था गर्नु पर्ने, रोजगारीका अवसरहरु खोज्नुपर्ने, दैनिक जिवन यापनका लागि आवश्यक पर्ने श्रोतहरु जुटाउनु पर्ने जस्ता चुनौतिहरु थपिएका छन् । खेती गर्ने सीप भए पनि खेती गर्ने जमिन नहुँदा उनीहरुको सीप तथा श्रम शक्तिको सही सदपुयोग हुन सकिरहेको छैन । रोजगारको अवसर नहुँदा धेरै मुक्त कमैयाहरु रोजगारका लागि छिमेकी देश भारततिर जान थालेपछि तराईको अन्न उत्पादनमा प्रभाव परेको पाइन्छ ।

कमैया मुक्तिपछि उनीहरुलाई जमिन्दारले आफ्नो घरबाट निकाली दिँदा उनीहरु अपमानीत मात्रै भएनन धेरैको विचल्ली समेत भयो । पूर्व तयारी विना अर्थात कमैया मुक्तिको घोषणासँगै ति मुक्त कर्मयालाई कति जग्गा दिने? कहाँको जग्गा दिने, उनीहरुको वैकल्पीक रोजगारीका क्षेत्रहरु के के हुन् ? उनीहरुलाई के कस्तो सुविधा वा सहयोग गर्ने भन्ने बारेमा कुनै योजना विना हचुवाको भरमा कमैया मुक्तिको घोषणा गर्दा मुक्त कमैया मुक्तिपछि पनि पूर्व कमैयाहरु जमिन्दारको घरमा दैनिक ज्यलादारीका रुपमा कतिपयले काम गर्न थाले भने कतिपय पुनः कमैया बस्न बाध्य भए त कसैले छोरा छोरीलाई घरेलु कामदारको रुपमा सहरमा पठाउन थाले । यसबाट के प्रष्ट हुन्छ भने कमैया मुक्तिको घोषणसँग समयमै तिनीहरुको सही तरिकाले व्यवस्थापन नहुँदा मुक्ति पछि पनि तिनीहरुको स्थितिमा खासै सुधार हुन सकेन तसर्थ निम्न प्रश्नको उत्तर खोज्न यो शोध केन्दित रहने छ ।

१. मुक्तिपछि उनीहरुको सामाजिक स्थितिमा के परिवर्तन आएको छ ?

२. मुक्तिपछि उनीहरुको आर्थिक अवस्था कस्तो छ ?

३. उनीहरुको जिवनस्तरमा परिवर्तन आएको छैन भने किन आउन सकेन

४. कमैया मुक्तिपछि वर्तमानमा उनीहरुले कस्तो अनुभूति गरिरहेका छन् ?

## १.३ अध्ययनको उद्देश्यहरु

यस अनुसन्धानका उद्देश्यहरु निम्न अनुसार रहका छन् ।

१. मुक्त कमैयाहरुको कमैयाहरुको जीवनमा आएको परिवर्तनको अध्ययन गर्नु ।

२. कमैया मुक्तिका लागि नेपाल सरकार तथा गैरसरकारी संस्थाहरुले खेलेको भूमिकालाई हेर्नु ।

## १.४ अध्ययनको महत्व

यो अध्ययन मुक्त कमैयाहरुको जीवनमा आएको परिवर्तनका बारेमा केन्द्रित रही उनीहरुका ज्वलन्त समस्याहरुलाई उजागर गर्ने प्रयत्न गरिएको छ साथै यस अध्ययनले मुक्त कमैयाको बारेमा थप अध्ययन अनुसन्धान गर्नेलाई सहयोग पुऱ्याउने छ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन पर्सा गाउँका मुक्त कमैया सम्बन्धी अध्ययन हो । यो अध्ययन अन्य क्षेत्रका मुक्त कमैयाहरुको स्थितिसँग फरक हुन सक्ने छ । अध्ययनको क्षेत्र नै सानो सख्या भएकोले यसले सम्पूर्ण मुक्त कमैयाहरुको सहि प्रतिनिधित्व नगर्न सक्छ । यस अध्ययनले यस क्षेत्रका मुक्त कमैयाहरुको सामाजिक पक्षमा पारिवारीक संरचना, शैक्षिक स्थिति, र लिङ्गगत आधारमा जनसंख्याको बनोट आर्थिक पक्षमा पेशा, जग्गा जमिनको वितरण, ऋणको अवस्था । तिनीहरुमा आएको परिवर्तन पारिवारीक संरचना, पेशा, विवाह, आवास र महिला तथा बालबालिकाको स्थितिमा आएको परिवर्तनलाई र सरकारी तथा गैर सरकारी संस्थाको भूमिकामा यस अध्ययन क्षेत्रमा मुक्त कमैयाको हकहितमा भएका कामलाई मात्र हेरिएको छ । यो अध्यनको क्षेत्रका रुपमा गंगा परस्पूर को सानो ठाउँ पर्सा गाउँमा गरिएको हुनाले यस अध्ययनले ठूलो क्षेत्र समेटन सकेको छैन । यो अध्ययन छोटो समय, कम लगानी र सानो क्षेत्रमा गरिने हुनाले जती विस्तत रुपमा अध्ययन हुनुपर्ने हो त्यती नहुने तर जतिसक्दो गर्ने प्रयास गरिएको छ ।

# अध्याय दुई

# सान्दर्भिक साहित्यको पुनरावलोकन

## २.१ कमैया प्रथा: एक विश्लेषण

कमैया प्रथाको सुरुवातलाई धेरैले पश्चिम तराईमा व्याप्त औले अर्थात् मलेरियासँग जोडेर व्याख्या⁄ विश्लेषण गर्ने गरेका छन् । नेपालको विशेष गरी पश्चिम तराईलाई यो प्रथाले आफ्नो उर्वर भूमि बनाउनुले औलो उन्मुलनसँग यसलाई जोडिनु धेरै हदसम्म उपयुक्त पनि मान्न सकिन्छ । विशेषगरी मलेरियाको उन्मूलनपछि अर्थात् सन् १९६० पछिाडि यो क्षत्रेमा बसाई सर्नेको क्रम तीव्र बनेको हो ।

यो क्षेत्रमा व्याप्त औलोका कारण त्यहाँ मानिस टिक्न सक्ने सम्भावना थिएन । नयाँ मुलुकका रुपमा चिनिने विशेष गरी बाँके बर्दिया , कैलाली र कन्चनपुर जस्ता जिल्लामा थुप्रै उर्वर भूमि थिए । तर त्यसलाई आवादी गर्ने मानिसको अभावमा त्यो बाँझै थियो (ढकाल, २०५७) ।

प्रशस्त उर्वर भूमिबाट देशले उत्पादन लिन सकिरहेको थिएन । तर तत्कालीन शाशकहरुलाई यहाँबाट उत्पादन हुन सकेन र देशलाई घाटा परिरहेको छ भन्ने भन्दा पनि याँबाट कर नउठेकोमा टाउको दुखेको थियो । देशको प्रमुख आयस्रोतको रुपमा रहेको भूमि कर नउठेकोमा चिन्ता जाग्नु स्वभाविक पनि थियो । त्यसैले यसै काम नलाग्ने, उसै काम नलाग्ने भनेर राणा शासकले आफ्ना मन परेका मनिसलाई नयाँ मुलुलकका थुप्रै जमिन विर्तास्वरुप दिएका थिए ।

तर राणा शासकक्को नजिकका नभई विर्ता पाउने सम्भावना थिएन एकातिर भने अर्कोतिर उनीहरुका नजिक भइसकेपछि तिनीहरु औलोग्रस्त ठाउँमा खेतीका लागि आउने सम्भावना पनि उत्तिकै क्षीण थियो । यसैले उनीहरुले पनि विर्ता पाएको जमिनबाट नजिकका बस्तीमा रहेका स्थानीय जमिनदारलाई केही पाउने गरी उक्त जग्गा कमाउन सुम्पे । जमिनदार न हुन, सित्तैजस्तोमा पाएको जमिन उनीहरुले पनि आफूले ‘केही पाउने गरी’ फेरि गरिबलाई जोत्न दिन थाले ।

यसरी जमिन जोत्न दिने क्रममा कैयौं परिवालाई जमिनदारले खोजेर ल्याई त्यहा राखे भने कयौँ परिवार काम पाइने आशाले आफै पनि त्यहाँ आइपुगे । अन्यत्र दुःख पाइरहेको अवस्था, गरिबीले ग्रस्त पारेका बेला आफै खेती गरेर गुजारा गर्न सकिन्छ भन्ने आशले उनीहरु त्यहाँ ओइरिनु स्वभाविक पनि थियो ।

यसरी खेती गर्ने क्रममा उनीहरुलाई जमिनदारले आफ्नो वासस्थान नजिकै बुकुरो (सानो गोठ) बनाएर राख्न थाले । दिउसभरि खेतमा काम गर्ने उनीहरुले त्यहाँबाट बचेको समय जमिनदारको घरायसी काममा दिनुपर्ने नियम बसालियो, उनीहरुले बुकुरो बनाएर राख्नुको मनसाय पनि यही थियो । श्रीमती र छोरा छोरी जमिनदारकै निर्देशन बमोजिमको काम गर्न बाध्य बनाइन थाले । काम गरेवापत मूलीले तोकिएको ज्याला वार्षिक रुपमा पाउँथ्यो भने श्रीमती र अन्य बालबच्चाको ज्याला भने खाएकै हिसाबमा चुक्ता हुन्थ्यो । यसरी जमिनदारको खेतीपाती निश्चित ढङ्गले हाँकिदिने व्यक्ति र उसको परिवार नै कमैयामा रुपान्तरण हुन पुग्यो (कान्तिपुर, २०५८) ।

## २.२ कमैया प्रथा सामाजिक, आर्थिक र राजनैतिक पक्ष

नेपालको तराई क्षत्रेमा बसोवास गर्ने थारु जाति पूर्ण रुपमा कृषिमा निर्भर जाति हो । उनीहरुको सम्पूर्ण आर्थिक क्रियाकलाप कृषिमा नै सीमित रहेको पाइन्छ तर विडम्बना धेरै जसो थारुहरु भूमिहिन छन् । थारुहरु कृषक हुन तर उनीहरुसँग आफ्नो जमिन छैन । त्यसैले उनीहरु जमिनदारको खेतवारीमा काम गर्दछन् (प्याकुरेल सन् १९९४) ।

थारुहरु कसरी भूमिहिन भए भन्ने सन्दर्भमा विभिन्न अध्ययन अनुसन्धान भएका छन् ती अध्ययनले के पुष्टि गर्दछ भने विगत दुई सय वर्ष पहिलादेखि थारुहरुको जमिन अन्य समुदायका मानिसहरुमा हस्तान्तरण हुँदै गयो । यसका लागि सरकारी संयन्त्र, राज्य शक्तिको दुरुपयोग तथा सरकारी भू-नीति कर व्यवस्था आदिले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । कमैया प्रथाकै कारण थारुहरुको आर्थिक अवस्था माथि उठ्न सकेन जसले गर्दा उनीहरु सामाजिक राजनैतिक रुपले समेत पछाडि पर्दै गए ।

साधारण बोलचालको भाषामा कडा परिश्रम गर्ने, खानजोत, खेतीपाती गर्ने व्यक्तिलाई कमैया भनिन्छ । जब कमैयालाई बाधा श्रमिकका रुपमा लिन थालेपछि यसप्रति नकारात्मक धारणा बनाउँदै दासका रुपमा कमैयालाई लिन थालिएको पाइन्छ । साधारणतया कमैया माघ महिनादेखि राख्न सुरु गरिन्छ र उसले वर्ष दिनसम्म मालिकले तोकेबमोजिमको उसको घरमा काम गर्दछ वदलामा कमैयाले निश्चित अन्न र ज्याला पाउँदछ । कमैया बाधा श्रम हो जसको स्थिति दास सरह हुन्छ । ९० प्रतिशत भन्दा धेरै कमैयाहरु थारु समुदायका छन् कमैयाहरु गरिब मात्रै छैनन अशिक्षित पनि छन् । तिनीहरुले जमिनदारसँग जीवनयापनका क्रममा विभिन्न समयमा ऋण लिएका हुन्छन् त्यही ऋण अनि ऋणको व्याज तिर्न नसक्दा उनीहरु जीवनभर कमैया बस्न बाध्य हुन्छन् (क्षेत्री, सन् २००६) ।

## २.३ कमैया मुक्तिको घोषणा र पहिचान

सरकारले वि.सं. २०५७ साल श्रावण २ गते दासत्वमा रहेका कमैयाहरुलाई देहायको आदेश सहित ऐतिहासिक रुपमा कमैया मुक्तिको घोषणा गरेको थियो ।

- कुनै पनि व्यक्तिलाई जुनसुकै प्रकारको कमैया श्रमको रुपमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा काममा लगाउन प्रतिबन्ध ।
- कमैया श्रमिकको मुक्ति ।
- कमैयाले लिएको ऋण (सौकी) मिनाहा ।
- कमैया ऋण सम्बन्धी करार वा सम्झौताका लिखत कानूनी रुपमै अमान्य
- कमैया राख्ने काम दण्डनीय ।

मुक्त कमैया पुनः स्थापन कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्न २०५७ र २०५९ सालको लगतबाट पहिचान भएका मुक्त कमैया परिवारहरुलाई निम्न आधारमा ४ वर्गमा वर्गीकरण गरियो ।

- "क" वर्ग : घरजग्गा विविहन मुक्त कमैया परिवार

- "ख" वर्ग : ऐलानी जग्गामा घर भएका जग्गा विहिन मुक्त कमैया परिवार
- "ग" वर्ग : आफ्नै जग्गामा घर भएका तर २ कठ्ठा भन्दा कम जग्गा भएका परिवार
- "घ" वर्ग : आफ्नै जग्गमा घर भएका र २ कठ्ठा भन्दा बढी जग्गा भएका परिवार

(मुक्त कमैया सम्बन्धी संक्षिप्त जानकारी २०६६)

## २.४ कमैया र अन्य खाले कृषि श्रमबीच भिन्नता

नेपालमा विभिन्न ठाउँ अनुसार कृषिमा प्रयोग गरिने श्रम पनि फरक फरक खालको छ । ठाउँअनुसार तिनलाई फरक नाम दिइनुको साथै श्रम प्रणाली बीच असमानता पनि छन् । त्यस्तै बाधा श्रम मध्येको एउटा श्रम कमैया प्रथा हो । जुन बाधा श्रमको रुपमा लिइन्छ । पहाडी क्षेत्रमा रहेको हलिया प्रथा जुन अर्धवाधा श्रम हो जुन कमैया प्रथासँग फरक हुनुको कारण कमैया प्रथामा जस्तो एकजना व्यक्तिले अर्कोको किनबेच नहुनु नै हो । कमैया माथिको ऋणले नै उसलाई मालिक कहाँ बस्न बाध्य पार्दछ र उसको मूल्य पनि निर्धारण हुन्छ । जमिन्दारले एक अर्कोलाई चलसम्पत्ति जस्तै किनबेच गर्दछ (रवर्टनसन र मिश्र, सन् १९९६) ।

कमैया र अन्य कृषि श्रम बीचको फरक भनेको कमैयाहरुलाई नगद वा जिन्सीको रुपमा जमिनको अनुपातको आधारमा वा अधियामा दिइन्छ । अधियाको दर अधिकतम एक तिहाइ उत्पादन र घटीमा १० देखि २० प्रतिशतसम्म र जिन्सी वा नगद ज्याला दिइन्छ । ज्याला भने प्रचलित स्थानीय बजार दरभन्दा निकै कम रहेको हुन्छ । भने अरु कृषि श्रम प्रणालीमा अधियाको दर सामान्यतया आधा हुने र ज्यालादर सामान्यतया बजारदर अनुसार हुने गर्दछ । त्यस्तै कमैया प्रथामा कृषिका लागि आवश्यक सामग्री गोरु, बीउ मल स्वयम् भूमिपतिले उपलब्ध गराउँछ । कमैयाले घरको अन्य कार्य पनि गर्नुपर्दछ । त्यहाँ तोकिएको ज्यालामा र परिवारका अन्य सदस्य पनि मालिकको मन्जुरी विना बाहिर श्रम गर्न जान सक्दैन र विना ज्याला नै त्यहाँ काम गर्नुपर्दछ । भूमिपतिबाट लिएको ऋणले पुस्तौपुस्ता बाधा बनाउँदछ । तर अन्य

कृषि श्रम प्रणालीमा आवश्यक कृषिका सामग्री अधिया कमाउनेले नै व्यवस्था गर्दछ । उसका परिवारका सदस्य जहाँसुकै काम गर्न स्वतन्त्र रहन्छन् । बाहिरका काम गरेर उपयुक्त ज्याला पाउँदछन् । प्रत्येक व्यक्तिले छुट्टाछुट्टै ज्याला पाउँदछन् । लिएको ऋणले तिनलाई बाधा बनाउँदैन (जिफन्ट, २०५८) यसरी आधारभूत रुपमा नेपालमा प्रचलित अन्य कृषि श्रम प्रथाभन्दा कमैया प्रथा फरक रहेको देखिन्छ ।

नेपालमा कमैयाप्रथा कहिले कहाँबाट सुरु भयो भन्ने सम्बन्धमा तिथिमिति नभए पनि दाङबाट नै सुरु भएको हो भन्ने कुरा अनुसन्धानहरुबाट देखिन्छ । किनकि हाल पश्चिम नेपालका ५ वटै जिल्लामा कमैया रहने धेरैजसो दगौरा थरका थारु समुदाय नै कमैया बसेका छन् । दगौरा भनेको दाङबाट बसाइँ सरी गएका थारुहरु हुन् । नयाँ मुलुकमा नयाँ जमिनमा खाली ठाउँमा बसोवास गराउनका लागि पहाडबाट बसाइ सर्ने काम सुरु भएपछि कमैया प्रथाको सुरुवात भयो जतिबेला तराईमा प्रशस्त जङ्गल थियो । जति बेला सो क्षेत्रमा थारुहरु मात्र अत्यन्त कठिन अवस्थामा मलेरियाको प्रकोप र जङ्गली जनावरको खतरा जस्ता अवस्था जुधिरहेका थिए । बाँके, बर्दिया, कैलाली र कन्चनपुरको धेरैजसो जमिन जङ्गलले ढाकिएको थियो । स्थानीय थारुहरु आफ्नो परिवारको आवश्यकता अनुसार खेती गर्दथे । भूमिमाथिको कुनै कानुनी अधिकार थिएन । विस्तारै मलेरिया नियन्त्रण भयो । मलेरिया नियन्त्रण हुनु अगावै नै राज्यले कर्मचारीहरुलाई, आर्मीहरुलाई र अन्य वफादार व्यक्तिहरुलाई जमिन दिन सुरु गरिसकेको थियो । जसबाट राज्यले राजश्व पनि सङ्कलन गर्दथ्यो । अर्कोतिर थारुसँग जमिनमाथिको कानुनी अधिकारको अभावले गर्दा बसाइँ सरी आएका मानिसले या त जबरजस्ती खोसेर लगे वा थोरै मूल्यमा किनेर लिए (शर्मा, २०५६) ।

जमिन्दारी प्रथाको सुरुवात र विर्ता जमिनको सुरुवातबाट थारुहरुको भूमिमाथिको परम्परागत स्वामित्व हट्दै गयो । बिसौं शताब्दीको सुरुवातसँगै थारुहरु जमिन्दारका लागि काम गर्न थाले । मलेरिया नियन्त्रण पछि अन्य क्षेत्रबाट बसाइ सराइ गरी आएका शक्तिशाली परिवारहरुले आफ्नो भूस्वामित्व वृद्धि गर्दै गए भने यहाँका आदिवासीहरु जग्गाबाट वञ्चित हुँदै गए जसको स्थिति नाजुक हुँदै गयो र ऋण लिएर जमिन्दारको लागि काम गर्न सुरु गरे ( रवर्टसन र मिश्र, सन् १९९६) ।

## २.५ कमैया प्रथा फस्टाउनुको कारण

जहाँ जहिलेदेखि र जसरी सुरु भएको भए पनि यो पश्चिम तराईका ५ जिल्ला बाँके, बर्दिया, कैलाली कन्चनपुर र दाङमा राम्रोसँग झाँगिएको प्रथा हो । यो प्रथा झाँगिनुमा सोझा प्रवृत्तिका थारु समुदायको आशुमा आफ्नो खुसी देख्न चाहने मालिकीय स्वभाव, कमैया बस्नेको खर्चिलो पर्व संस्कार र भूमि सुधारका नाममा राज्यद्वारा ल्याएका जमिनदारको हित गर्ने नीति दण्डहिनताको अवस्था आदि प्रमुख कारणको रुपमा पाइन्छ ( वेश, २०५१) ।

### (क) थारु जतिको स्वभाव

कमैयाको कुरा आउना साथ स्वत थारु जतिको प्रसङ्ग जोडिएर आउँछ इन्सेकले गरेको सर्वेक्षण अनुसार सम्पूर्ण कमैयामा ९३.२ प्रतिशत थारु जातिका छन । यही जातिको इमान्दारिता, सोझो स्वभाव र दरिद्रताका कारण यो प्रथा राम्रोसँग फस्टिने मौका पाएको पाइन्छ । आदिवासी भएर पनि आफ्नो सोझो पनकाकारण यिनीहरु टाठाबाँठाबाट पर्याप्त मात्रामा ठगिन पुगेका छन् । सामान्य कामका लागि पनि ऋण लिने र त्यो कसरी तिर्ने भन्ने कुनै चिन्ता यिनीहरुमा हुँदैन (घिमिरे, २०५२) ।

### (ख) संस्कार/चाडपर्व

थारु जतिको पर्व संसकार आदि धेरै भएको तथा ती खर्चिला भएका कारण यसले कमैयाको जीवनयापन झन कठिन पार्न सहयोग गरेको पाइन्छ । यस्ता विभिन्न पर्व/संस्कार नमनाउँदा एकातर्फ देवता रिसाई बिघ्नबाधा सिर्जना हुन गई परम्परासमेत मासीने र अर्को तर्फ छिमेकी आफन्तबीच आफ्नो इज्जत नजोगिने भएका कारण यस्तो बेला उनीहरु जति खर्च गर्न पनि पछि हट्दैनन् तर त्यो खर्चको एक मात्र स्रोत भनेको जमिनदारसँग लिइने ऋण नै हो ( विष्ट, २०३०) ।

### (ग) कानुन, नियम कार्यान्वयनको अभाव र दण्डहिनताको अवस्था

सधै जसो शासकहरुको मौखिक नीति निर्देशन अन्तर्गत चलेको नेपालको भूमि प्रशासनका कारण पनि कमैया प्रथा झागिन मलजल प्रदान गऱ्यो विभिन्न खाल भूमि नीतिहरु नबनेका पनि होइन तर ठालुको इच्छामा भर पर्ने नीति बन्ने र कार्यान्वयन

तहमा जग्गा जमिन धेरै भएकाकै पहुँच बढी रहने गरेकोले उनीहरुको अहितमा हुने कुनै पनि नीति घोषणा उनीहरु स्वयमले लागु गर्ने प्रश्नै भएन ।

यस्ता नीति घोषणा त उनीहरुबाट लागू भएन उनीहरुकै हित चाहने शासकहरुले पनि कहिले यी नियमहरु लागू गराउन सकेनन् । उल्टो नीति कार्यान्वयन गराउने तहमा पुगेका यी ठालूले गैरकानुनी रुपमा जोताहा, कमैया आदिलाई शोषण गर्ने प्रक्रिया जारी राखे । चेतना र शिक्षाको अभावमा यिनीहरुले न त कतै उजुरबाजुर गर्न सके न गरेकै उजुर सम्बन्धमा पनि कारवाही हुन सक्यो ।

यसरी वर्षौसम्म कानुन थिचेर राज्य चलाउने ती ठालु पनि कमैया प्रथालाई मलजल प्रदान गर्ने माली सावित भए । यस्तालाई दण्डदिने भन्दा प्रोत्साहन मिल्ने वातावरण राज्यले अख्तियार गरेको पाइन्छ । यस्तै कारणले गर्दा कमैया प्रथा झन झन मौलायो जति बढी कमैया राख्यो उति बढी इज्जत बढ्ने वातावरण सिर्जना भयो (लामिछाने, २०६०) ।

## २.६ कमैया आन्दोलन र वेस

विशेष गरी थारु समाजमा व्याप्त पछौटेपन, शोषण र अशिक्षा समाप्त पारी उनीहरुलाई शसक्त बनाउने उद्देश्यले थालिएको एउटा सानो अभियान नै अहिले अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति प्राप्त वेस बनेको छ । डिल्ली बहादुर चौधरीको अगुवाईमा केहि उत्साहित युवाले थालेको यो अभियान अहिले ६ जिल्लाका ८८८ गाउँमा विस्तार भएको छ । २०४७ साल माघ १६ गते व्याकवार्ड सोसाइटी ऐजुकेशनका नाममा बेसको स्थापना भएको हो ।

स्थापना कालदेखि चेतना र शिक्षामा ध्यान केन्द्रित गरेको यो संस्थाले थारु बस्ती र विशेषगरी कमैया बाहुल्य रहेको क्षेत्रमा आफ्नो कार्य संचालन गर्दै आएको छ । विशेषगरी अनौपचारीक पौढ शिक्षा कार्यक्रम मार्फत कमैयाहरुलाई सशक्तिकरण गरी उनीहरुको अधिकार जागृत गराई कमैयालाई सूचीत गर्ने, जिज्ञासु बनाउने लक्ष्य यसको थियो । यहि संस्थाले संचालन गरेको विभिन्न चेतनामूलक कार्यक्रम नै कमैया मुक्ति हुन सक्नुको प्रमुख कारण बन्न पुग्यो । शिक्षा तथा सचेतना, कमैया ,

पुर्नस्थापना, महिला, सशक्तिकरण तथा आय आर्जन, संस्थागत विकाश, एकीकृत विकाश स्वास्थ्य कार्यक्रम अहिले बेसले संचालन गरेका प्रमुख कार्यक्रम हो ।

कमैया प्रथा बारे २०४६ सालको जनआन्दोलन पश्चात् चासोको विषय बन्न पुग्यो र यो गैर सरकारी संघ-संस्थाको एउटा प्रमुख रणनीति भित्र पर्न थाल्यो । स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको संलग्नता र केहि राजनीतिक दल, नागरीक समाज, संचार माध्यमको समर्थन तथा सहयोगले गाउँ गाउँमा सुरुवात भएको अनौपचारिक शिक्षाले कमैयाहरुलाई सामूहिक रुपमा संगठित हुन सहयोग गऱ्यो । यसरी संगठित र कमैयाहरुको आन्दोलन अगाडी बढ्यो पछि योजनावद्ध तरिकाले अघि बढाउन कमैया सघर्ष समिति गठन गरियो र आन्दोलन जारी राखियो र अन्तत २०५७ साल साउन २ गते तत्कालिन सरकार कमैया मुक्तिको घोषणा गर्न वाध्य भयो (फूजिकुरा, सन् २००५) ।

## २.७ मुक्त कमैयाको वर्तमान अवस्था र पुर्नस्थापना

सरकारद्वारा मुक्तिको घोषणा अघि गरिनुपर्ने कार्य कमैयालाई तत्काल कसरी कहाँ स्थापनातरण गर्ने कति समयकालागि उनीहरुलाई तत्कालिन व्यवस्था गर्न सकिन्छ, कति समयभित्र बसोबास र जग्गा-जमिन उपलब्ध गराई उनीहरुलाई त्यहाँ सार्न सकिन्छ, उनीहरुलाई कहाँ को जग्गा दिने, जग्गा उपलब्ध नगराउन्जेल समयकालागि जिविकाको उपाय के के हुन सक्दछ भन्ने बारेमा नसोचिएर हतारमा गरिएको मुक्तिको घोषणाले उनीहरुलाई वास्तविक मुक्ति दिन सकेन भने अर्को तिर मालिक र दासको सम्बन्ध रहेको जमिन्दार र कमैयाको समाजिक सम्बन्ध पनि सोही अनुसारको हुनु स्वाभाविकै थियो । एकातिर राज्यले उपलब्ध गराउने पुर्नस्थापना सम्बन्धी विभिन्न खालका अवसर प्राप्त नगर्दा कमैयाहरु तिनै आफ्ना मालिक जमिन्दार प्रति पुनः आश्रित बन्नु पर्ने वाधयता श्रृजना भयो (ज्योतीलाल, सन् २००४) ।

यसरी सरकारी घोषणासँगै मुक्त भएपनि धेरै जसो पुरानै मालिक कहाँ गएर काम गर्न वाध्य भए भने कतिपय अन्तै बसेपनि कमाइ खानका लागि मालिकहरुकै जग्गा लेउ भन्न विवस भए यसरी जग्गा लेउ कमाउछ, भनेर फर्कि आउनेलाई जमिन्दारले पनि पहिलेको भन्दा कडा सर्तमा जग्गा कमाउन दिइरहेका छन् । र नयाँ

तरिकाबाट शोषण जारी राखिराखेका छन् । अघियामा जग्गा कमाउन दिएर मालिकहरुले उनीहरुलाई आफूमा नै आश्रित हुनुपर्ने वाध्यता श्रृजना गरेका छन् । उनीहरुको पुर्नस्थापना कार्यमा भएको ढिलाई र उनीहरुको जिविकोपार्जनमा राज्यले उचित ध्यान दिन नसक्दा जग्गावालालाई यो अवसर मिलेको हो । विशेष गरी साहुको जग्गा कमाएर खेति गरी परिवार पाल्न बाध्य मुक्त कमैया पुनः शोषणमा पर्न बाध्य छन् । उनीहरुको मुक्ति पछि साहुलाई खेती गरिदिने मानिसको अभाव भयो भने कमैयालाई बाँच्नका लागि कामको खोजी गर्नु पर्ने अवस्थाले यी दुई वर्ग विच समाजमा पुन मिलन हुनुपर्ने अवस्था श्रृजना भएको छ । तर मुक्त कमैयाहरुपनि बानी परिसकेकाले होला आफू शोषित भएको थाहा पाइराखेका छैनन् जुन उनीहरुको बाध्यता पनि हो ।

कमैया मुक्तिको एघार वर्ष वितिसक्दा पनि मुक्त कमैयाहरुको व्यवस्थित पुर्नस्थापनामा राज्यको स्पष्ट दृष्टिकोण र इच्छाशक्तिको कमी तथा उच्च राजनीतिक प्रतिवद्धताको अभाव नै मुख्य कारक तत्वका रुपमा देखिन्छ ।

थारुहरु भुमिहिन हुनुको प्रमुख कारण राजनितिक शक्ति पनि एक हो । स्थानीय औपचारीक तथा अनौपचारीक राजनीतिक संस्थाहरुमा थारुहरुको सहभागिता अत्यन्त न्युन छ । न्युन सहभागिताको कारण उनीहरुको भूमिका प्रभावकारी पनि छैन । यसरी समान राजनीतिक भूमिका नहुदा शक्ति सन्तुलन खल्वलियो परिणाम स्वरुप शक्ति अन्य जातका मानिसहरुमा ढल्कीयो । स्थानीय तहमा राजनीतिक दलहरुका नेतामा अन्य उपल्ला जातका मानिसहरुको बाहुल्यता रहेको हुन्छ । स्थानीय जमिन्दार नै राजनीतिक दलका स्थानीय जनप्रतिनिधी हुँदा उनीहरुले निति तथा कार्यक्रम निर्माण गर्दा थारुहरुको पक्षमा काम गर्ने इच्छा देखाएनन् भने अर्कोतिर थारुहरुले पनि आफ्नो अधिकारका लागि सक्रिय रुपमा आवाज उठाउन नै सकेनन् ।

एउटा महत्वपूर्ण कुरा के छ भने थारु कमैया र थारु मालिक भएपनि उनीहरुको एक प्रकारको संस्कार, संस्कृति तथा सामाजिक परिवेश पनि एउटै हुने गर्दछ । उनीहरुको एउटै भाषा तथा एक आपसमा नाता सम्बन्धमा जोडिएका कारण उनीहरु विच द्वन्द्वको अवस्था देखिदैन (गुनरतने, सन् २००२) ।

## २.८ मुक्ति पछिको अवस्था

कमैया मुक्त त भए तर सबैले जमिन र सुविधा पाउन नसकेकाले उनीहरुले मुक्तिको अनुभव गर्न सकेका छैनन् । गैर सरकारी संस्थाद्वारा प्रदान गरिएका कार्यक्रम र सुविधा पनि सबैले पाउन सकेका छैनन् । कमैयालाई  जमिन बाडने नाममा सरकारले झारा मात्र टार्ने काम गरिरहेको छ । धेरै जसो कमैयाले पाएको जमिन खोलाको किनार, ढुंगे वगर, वलौटे रुखो पाखो जमिन र पहिले देखि नै सुकुमबासी लगायतका व्यक्ति बसोबास गरिरहेको जमिन भएकाले समस्या झन जटिल भएको छ ।

अर्कोतिर कमैयाको पहिचान सहि ढंगले हुन नसक्नु, रोजगारीका अवसर नपाउनु, सहज शैक्षिक व्यवस्था उपलब्ध नहुनु जस्ता समस्यापनि उत्तिकै ज्वलन्त छन् । मालिकको सिफारीस विना परिचयपत्र नपाइने र परिचय पत्र नपाए सुविधा नपाइने सरकारी नियम एकातिर छ भने अर्कोतिर मालिकले कुनै कारण वस सिफारीस नगरीदिएकाले परिचय पत्र नै नपाएकाले थुप्रै समस्या देखिएका छन् जसलाई सरकारी तवरबाट गहन रुपमा लिइएको पाइन्न । हुनत सरकारी र गैरसरकारी विभिन्न संस्थाले मूक्त कमैयाका लागि काम नगरेका हैनन् तर यी सबैको फल भने एक केहीले मात्र चाख्न पाएका छन् । त्यसैले सरकारले उनीहरुकालागि प्रति परिवार दश कठ्ठा जमिन उपलब्ध गराउनु ने समस्याको दरिलो समाधान हो । त्यसपछि सबैलाई सीपमूलक तालिम दिलाएर आप आर्जनमा लगाउनु उनीहरुको बाच्ने आधार हुन सक्दछ (जनपहुँच वर्ष ३, अंक १, २०६८) ।

## २.९ सम्बन्धित पूर्व अध्ययनको पुनरावलोकन

नेपालको कमैया प्रथाका बारेमा थुप्रै खोजमूलक लेख अनुसन्धान प्रकाशति भइसकेका छन विभन्नि गैरसरकारी संस्थाहरु कमैयाका विषयमा काम गर्दै आइरहेका छन् । मानवशास्त्री प्रा.डा. रामबहादुर क्षेत्रीले बर्दिया जिल्लाको राजापुर क्षेत्रका कमैयाहरुका बारेमा अनुसन्धानात्मक लेख प्रकाशित गर्नु भएको छ । जसमा वहाँले सरकारको कमैया मुक्तिको घोषणाले कमैयाहरुले स्वतन्त्रता दिए पनि वास्तविक अर्थमा उनीहरु शोषण र दासताबाट मुक्त हुन अझै अरुमाथि नै आश्रित छन् वास्तविक

स्वतन्तत्रा उनीहरुका लागि अझै टाढाको विषय भएको छ भन्ने कुरा उल्लेख गर्नु भएको छ ।

रवर्टसन र मिश्र (१९९६) ले नेपालमा बाँधा श्रम प्रणालीबारे अध्ययन गरी नेपालमा प्रचलित अन्य कृषि श्रम कमैया प्रथा भन्दा भिन्न रहेको र कमैया बस्ने थारु समुदायहरुको सामाजिक तथा आर्थिक अवस्था ज्यादै नाजुक रहेको देखाएका छन् । यस अध्ययनले कमैया बस्नेहरुका महिला तथा बालबालिकाको स्थिति अझै बिग्रेको देखाउँछ । कमैयाले लिएकै ज्यालामा तिनका महिला तथा बालबालिकाहरुले रातदिन काममा जोतिनु पर्ने बाध्यात्मक स्थितिलाई उल्लेख गरिएको छ ।

नेपाल सरकार भूमिसुधार मन्त्रालय भूमिसुधार विभाग (२०५६) ले कमैया र कमैया परिवारको सामाीजक आीर्थक स्थिति अन्य समुदायको तुलनामा खास गरी आयुको हिसाबले , शैक्षिकता, बसोवास गर्ने अवास, भूमिको क्षेत्रफलमा अति नै न्यून रहेको छ भन्ने देखाउदछ । (वेश (२०५१) ले ५ वटै जिल्लाका कमैयाको अध्ययन गरी कमैयाहरुलाई तिनीहरुको आर्थिक सामाजिक स्थितिको आधारमा वर्गीकरण गरेको छ । जसअनुसार कमैया जो भूमिहीन छन् र अरुको घरमा बस्दछन् र ऋण ग्रस्त छन् । तिनलाई ‘क’ श्रेणीमा त्यस्तै जो आफ्नै घरमा बस्दछन ऋण ग्रस्त पनि छैन परिवारका केही सदस्य कमैया हुन्छन् तिनलाई ‘ख’ श्रेणीका कमैया र ती कमैया जो आफ्नो नाममा थोरै जग्गा पनि छ । आफ्नै घरमा बस्दछन र ऋण ग्रस्त पनि छैनन् ती ‘ग’ श्रेणीका कमैया भनी तिनीहरुको सामाजिक आर्थिक अवस्थाको आधारमा वर्गीकरण गरेको छ । इन्सेक (२०५६) ले नेपालका कृषि श्रमिकहरुले बढी घण्टा काम गर्नुपर्ने, कम ज्याला पाउने, ऋण ग्रस्तता जस्ता अवस्थाको उल्लेख गरेको छ ।

ऋण ग्रस्त कमैया परिवारबारे अध्ययन गर्दा अधिकांश परिवारहरु भूमिहिन , ऋणग्रस्त , बाँझो जग्गामा बसोवास गरेका अधिकांश आफ्नो घर नभएका रहेको उल्लेख गरेका छन् (सुवेदी, २०५६) । बर्दिया खैरी चन्दनपुरको अध्ययनमा जमिनदारहरुको चरम शोषणले गर्दा कमैयाहरुको स्थिति झन बिग्रदै गएको सुरुका दिनमा थारु समुदायसँगको जग्गापनि जमिनदारले छलकपट गरी हात पारेपछि उनीहरु बाटै ऋण लिई काम गर्दै जाँदा ऋणगस्त भई पुस्तौ पुस्ता बाँधा भएका र उनीहरुको

श्रमको मात्र शोषण नभई मानसिक तथा तिनका महिला तथा बालबालिकाको यौन शोषण अत्यधिक हुने कुराको उल्लेख गरिएको छ ।

उप्रेती (२०५७) कैलाली बाँसखेडा श्रीपुरका कमैयाको अध्ययनमा सामाजिक आर्थिक शोषणमा नै कमैया प्रथा अडेको उल्लेख छ । माथि उल्लेखित अध्ययनहरु २०५७ साल श्रावण भन्दा अघि कमैया मुक्त हुनु पूर्वका अध्ययनहरु हुन त्यसभन्दा पछि भएका अध्ययनहरुमा जिफन्ट (२०५८) ले ५ वटै जिल्लाका कमैयाहरुको मुक्ति पश्चातको आर्थिक सामाजिक स्थितिबारे अध्ययन गरिएको छ । यस अध्ययनमा नेपाल सरकारले प्रत्येक मुक्त कमैया परिवारलाई प्रति परिवार ५ कठ्ठाका दरले जग्गा उपलब्ध गराउने भने तापनि कार्यान्वयन हुन नसकेको, धेरैजसो कमैया परिवारलाई जग्गा धनी प्रमाण पूर्जा वितरण गरेको भए तापनि जग्गा उपलब्ध नगराइएको, मुक्त कमैयाहरु क्याम्पमा बस्न बाध्य भएका, जसले गर्दा उनीहरुको जीवन ज्यादै कष्टकर र दयनीय हुन गएको उल्लेख गरिएको छ । आई. एल. ओ (२०५८) ले कमैया बालबाकिलाको अध्ययन गरी भूमिहीन भएकै कारण मुक्त कमैयाहरुका बालबाीलकाहरु बढी बालश्रममा संलग्न भएको, कृषिमा आधारित समाजमा भूमिहीन भएकै कारण कमैया परिवारहरुमा गरिबी व्याप्त रहेको र कमैया परिवारले गरिबीसँग जुध्नको लागि र ऋणबाट मुक्ति पाउनकै लागि आफ्ना बालबाीलकाहरुलाई विद्यालय पठाउनुको सट्टा काममा पठाउने गरेको उल्लेख गरिएको छ । कमैया मुक्त भएपछि पछिल्ला दिनहरुमा उनीहरुको सामाजिक आर्थिक पक्षमा के असर पर्‍यो के कति परिर्वतन ल्यायो यसबारे थप अध्ययन अनुसन्धान हुन नितान्त आवश्यक देखिन्छ ।

## अध्याय - तिन
## अध्ययन विधि

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

गंगा परस्पुर गा.वि.स. दाङ जिल्लाको सदरमुकाम घोराहिवाट पूर्वमा लगभग सबैभन्दा टाढाको गा.वि.स. हो । जहाँ नौ वटै वडामा मुक्त कमैयाहरु बसोवास गरेका भएता पनि उक्त गा.वि.स. को ३ नं. वडा जुन पर्सा गाउँको नामले चिनिन्छ । त्यस वडामा सबैभन्दा बढी संख्यामा मुक्त कमैयाहरु बसोबास गर्दछन् । अर्कोतिर स्वंय अनुसन्धानकर्ता सोही क्षेत्रको निवासी भई विगत धेरै वर्षको कमैयाहरुसँग प्रत्यक्ष भेटघाट र अनुभव समेत रहेको कारण सो पर्सा क्षेत्रलाई अध्ययनको लागि छनौट गरिएको छ ।

### ३.२ अनुसन्धान ढाँचा

यो अध्ययानमा वर्णात्मक ढाँचाको प्रयोग गरिएको छ । मुक्त कमैयाहरुको स्वास्थ्य स्थिति, सरसफाई शिक्षाको, स्थिति, महिला तथा बालबालिका स्थिति, आवासको अवस्था, खाना, पोशाक आदिको अध्ययनमा वर्णात्मक ढाँचाको प्रयोग गरी वर्णन गरिएको छ भने तिनीहरुको सामाजिक आर्थिक अवस्था पछाडि पर्नाको कारण र मुक्तिपछि तिनीहरुमा आएको परिवर्तन र परिवर्तनका वारेमा समेत वर्णन गरिएको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

तथ्यायङ्कको प्रकृति गुणात्मक र परिमाणत्मक दुबै रहेको छ भने तथ्याङ्कको श्रोत प्राथमिक तथा द्धितीय दुवै खालको रहेको छ । प्राथमिक तथ्याङ्कको संकलन स्वयम अनुसन्धानकर्ताद्धारा अध्ययन स्थलगत क्षेत्रको भ्रमण गरी अन्तवार्ता र अवलोकनबाट गरिएको छ ।साथै प्रमुख सूचना दातासंगको छलफल र आवश्यक सूचनाको लागि वैयक्तिक अध्ययन गरिएको छ ।

तथ्याङ्कका द्वितीय स्रोतहरुमा पूर्व प्रकाशित लेख तथा कितावहरु, रिपोर्टहरुका साथै अप्रकासित रिपोर्टहरु नेपाल सरकार भूमीसुभार विभागका रिपोर्टहरु, जिफन्ट र आइ. एल. ओ. का रिपोर्टहरुलाई प्रयोग गरिएको छ ।

**३.४ तथ्याङ्क संकलन तरीका**

अनुसन्धानको विषय अनुरुप तथ्याङ्कको प्रकृति र स्रोत फरक फरक हुन्छन् यसै अनुरुप यस अनुसन्धानमा प्राथमिक तथ्याङ्क संकलन गर्न अनुसन्धानकर्ता स्वयंम् प्रत्येक्ष रुपमा उत्तरदातालाई भेटेर प्रश्न गर्ने, अवलोकन गर्ने र उत्तरदाता समक्ष विभिन्न रुपबाट तथ्याङ्कहरुको संकलन गरियो जसमा निम्नलिखित विधिको सूचना संकलनका क्रममा प्रयोग गरिएको छ ।

(क) **प्रश्नावली**

संरचित/असंरचित प्रश्नावली सूची बनाई स्वयम अनुसंन्धानकर्ता क्षेत्रमा गई घर मुलिहरुसँग प्रश्नावलीका माध्यमबाट अध्ययनका निमित्त आवश्यक पर्ने तथ्याङ्कहरु सँकलन गरिएको छ । जस अन्तर्गत सूचना दाताको व्यक्तिगत विवरण परिवारका सदस्यहरुका उमेर, लिङ्ग, शिक्षा, पेशा वैवाहिक स्थिति, बस्तीको स्थिती, जग्गा जमीनको स्वामित्व, पारिवारिक स्थितिसग सम्बन्धित तथ्याङ्क संकलन गरिएको छ ।

**(ख) अवलोकन**

अध्ययन क्षेत्रका वासिन्दाहरुको पेशा, जमीन्दारसँगको सामाजिक सम्बन्ध, जस्ता कुराहरु स्यंम अनुसन्धानकर्ता कार्य क्षेत्रमा गई असहभागिता मूलक अवलोकनको माध्यमबाट अध्ययन गरिएको छ ।

**(ग) वैयक्तिक अध्ययन**

यस अनुसन्धानमा मुक्त कमैयाहरुको प्रतिनिधित्व हुने गरी ३ जनाको वैयक्तिक अध्ययन गरिएको छ । जसमा उनीहरुको पारिवारकि पृष्ठभूमि, उनीहरुको हालको अवस्था, जिविकोपार्जनका लागि उनीहरुले गरिरहेको काम, उनीहरुको आर्थिक स्रोत तथा जमिन्दारहरुसँगको सम्बन्धका बारेमा साथै उनीहरुको शैक्षिक अवस्थाका बारेमा विस्तृत अध्ययन गरिएको छ । यसकालागि वैयक्तिक अध्ययनमा छानिएका

व्यक्तिहरुसँग प्रत्येक्ष कुराकानी अर्न्तवार्ता तथा उनीहरुको परिवारका अन्य सदस्यसँग समेत छलफल गरिएको छ ।

### (घ) मुख्य सूचनादाता अन्तवार्ता

अध्ययनको क्रमममा आवश्यक पर्ने जानकारीको लागि सम्बन्धित समुदायका बुढापाका, गन्यमान्य व्यक्तिहरु विद्यलयका शिक्षक, राजनैतिक दलका स्थानीय जनप्रतिनिधिहरु, समाजसेवीहरुसंग मुक्त कमैया परिवारहरुको सामाजिक तथा आर्थिक पक्षबारे आवश्यक सूचना लिइएको छ ।

### (ङ) केन्द्रित समूह संगको छलफल

अध्ययन क्षेत्रमा रहेका सम्पुर्ण मुक्त कमैयाहरुको प्रतिनिधित्व हुनेगरी तीनओटा समूह बनाइएको छ । प्रत्यक समूहमा ५ देखी ७ जनासम्म सदस्य रहको छन् छलफलमा मुक्त कमैयाहरुको सामाजिक अवस्था पारिवारिक संरचना शिक्षा प्रतिको धारणा, विद्यालयमा बालबालिका कम पठाउनुका कारण, आर्थिक अवस्था पेशा जग्गा जमीनको वितरण ऋण दिने, संस्था ऋण लिनुको उद्देश्य, सम्वन्धित क्षेत्रमा मुक्त कमैयाहरुको हकहितमा काम गर्ने संस्था तिनले गरेका कार्य आदि बारेमा समूहमा छलफल गरि आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्कको विश्लेषण

संकलित तथ्याङ्कहरुलाई समूहको प्रकृति अनुसार वर्गीकरण गरी गुणात्कम तथ्याङ्कहरुलाई व्याख्या विश्लेषण गरिएको छ भने परिमाणात्मक तथ्याङ्कहरुलाई आवश्यक टेवुल र तालिकीकरण गरी विश्लेषण गरिएको छ ।

# अध्याय-चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ जिल्ला परिचय

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा रहेको राप्ती अञ्चलका पाँच जिल्लाहरु दाङ, प्यूठान, रोल्पा ,सल्यान, रुकुम मध्ये सबैभन्दा ठुलो र सुगम जिल्ला दाङ हो । यस जिल्ला भित्र दाङ र देउखुरी उपत्यका रहेका छन् । यी दुवै उपत्यकालाई समग्रमा दाङ भनिन्छ ।

यस जिल्लाको पूर्वमा प्यूठान र कपिलवस्तु पश्चिममा बाँके र सुर्खेत उत्तरमा सल्यान, प्युठान र रोल्पा त्यस्तै दक्षिणमा छिमेकी देश भारत पर्दछ । यो जिल्ला समुद्रि सतहदेखी २१३ मिटर देखी २०५८ मिटर उचाई सम्म पर्दछ । भने पूर्व पश्चिम लम्वाई ९० कि.मी छ भने उत्तर दक्षिणको औषत चौडाई ७२ कि.मी छ । २ वटा नगरपालीका र ३९ वटा गा.वि.स रहेको यस जिल्लाको अधिकतम तापक्रम ४२$^{\circ}$C देखी न्यूनतम २५$^{\circ}$C तापक्रम रहेको छ ।

## ४.२ पर्सा गाउँको संक्षिप्त परिचय

दाङ जिल्लाको पूर्वपट्टी लगभग सबैभन्दा टाढाको गा. वि. स गंगापरस्पुर गा.वि.स हो । जुन ३१ वर्ग कि.मी.मा फैलिएको छ । यही गा.वि.स. को वडा नं.३ पर्सालाई अधययन क्षेत्रको रुपमा लिइएको छ । यस पर्सा गाउको कुल जनसंख्या ९४७ रहेको छ । जसमा थारु समुदायको जनसंख्या ५६६ रहेको छ भने अन्य समुदायको जनसंख्या २८१ रहेको छ । कुल ९४ घरधुरी रहेको यस पर्सा गाउँमा ६० घरपरिवार थारु परिवारको रहेको छ । ति सम्पुर्ण थारु परिवारहरु पहिले कुनै न कुनै रुपमा अर्काको घरमा काम गर्दथे । बाँकी ३४ घरपरिवार अन्य जाती ब्राह्मण, क्षेत्रीको रहेको छ ।

अध्ययन क्षेत्रको पूर्वमा यहि गा.वि.स. को वाडा नं. ४ पर्सेनी दक्षीणमा परस्पुर त्यस्तै पश्चिममा पर्सीया तथा उत्तरमा राप्ती नदी पर्दछ । यस पर्सा गाउको मुख्य जिविकाको आधार भनेको कृषि नै हो । केही व्यक्ति स्कूलमा शिक्षक त कोही स्थानिय

वजार गढवामा खुद्रा पसल गर्ने गरेको पाईन्छ । पर्सा गाउको दुई तिहाई जति जमिन संचित छ । केही अशं भने राप्ती नदीले कटान गरी बगरमा परिणत भएको छ ।

यो गाउँ कुनै पनि वन क्षेत्रसँग जोडिएको छैन । सबैभन्दा नजिकको वन क्षेत्र अन्दाजी ५ कि.मी. टाढामा रहेको गंगा सामुदायीक वन हो । यस ठाउमा न त कुनै स्वास्थ्य चौकी  छ न त कुनै विद्यालय नै छ । यस गाउवाट करिव ५०० मिटर टाढा वाडा नं ४ मा निम्नमाध्यामीक विद्यालय रहेको छ भने माध्यामिक विद्यालय करीव २ कि.मी. टाढा चैनपुरमा रहेको छ । यहा कुनै बजारको सुविधा नभएपनि नजिकैको गढवा बजार मार्फत यहाँका मानिसहरु दैनिक उपभोग्य वस्तु किन्ने गर्दछन् ।

# अध्याय-पाँच

## तथ्याङ्कहरुको प्रस्तुतीकरण तथा विश्लेषण

यो अध्याय अध्ययनको प्रमुख भाग हो । संकलित तथ्याङ्कहरुलाई विश्लेषण गर्ने काम यहि अध्यायमा गरिएको छ । विश्लेषण गर्ने क्रममा तथ्याङ्कहरु विभिन्न शिर्षक तथा उपशिर्षकमा विभाजन गरिएका छन् र आवश्यक तालिकाहरुको पनि प्रयोग गरिएको छ । प्रस्तुत अध्यायमा संकलीत तथ्याङ्कले पूर्व कमैयाहरुको सामाजिक आर्थिक पक्षको वर्तमान स्थिति, सामाजिक, आर्थिक स्थितिमा आएको परिवर्तन मुक्त कमैयाहरुको समाजिक तथा आर्थिक स्थितिमा सुधार ल्याउन नेपाल सरकार गैरसरकारी संस्थाहरु आदिले खेलेको भुमिकालाई हेरिएको छ ।

### ५.१ सामाजिक अवस्था

#### ५.१.१ उमेर र लिङ्गत आधारमा जनसंख्याको बनोट

जनसांख्यीक विशेषताहरु बुझ्नको लागि जनसंख्याको उमेर र लिङ्गगत संरचना पनि एउटा महत्वपूर्ण पक्ष हो यसबाट सरकारलाई जनसंख्याको संरचना हेरी निति निर्माण गर्न र कार्यान्वयन गर्न मद्दत पुग्नुका साथै समाजमा विद्यमान जनसंख्या सक्रिय जनसंख्या आश्रीत जनसंख्या लिङ्ग अनुपात बुझ्न मद्दत गर्दछ ।

तालिका १ ले अध्ययन क्षेत्रका मुक्त कमैयाहरुको उमेर र लिङ्गगत जनसंख्यको बनोटलाई प्रस्तुत गरिएको छ ।

**तालीका १**

**उमेर र लिङ्गगत आधारमा जनसंख्यको बनोट**

| उमेर समुह | महिला | प्रतिशत | पुरुप | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-१४ | ११४ | २०.१४ | १२७ | २२.४३ | २४१ | ४२.५७ |
| १५-५९ | १३८ | २४.३८ | १५१ | २६.६७ | २८९ | ५१.०६ |
| ६०भन्दा माथि | १९ | ३.३५ | १७ | ३.० | ३६ | ६.३६ |
| जम्मा | २७१ | ४७.८७ | २९५ | ५२.१२ | ५६६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०६७ ।

तालिका १ मा ०-१४ वर्षसम्मको उमेर समुहको जनसंख्या ४२.५७ प्रतिशत रहेको छ। भने १४-५९ वर्ष उमेर समुहको जनसंख्या ५१.०६ प्रतिशत रहेको छ। जुन आर्थिक रुपले सक्रिय जनसंख्या पनि हो भने ६० वर्षभन्दा माथिको जनसंख्या सबैभन्दा कम अर्थात ६.३६ प्रतिशत रहेको छ । लिङ्गका आधारमा महिलाको जनसंख्या २७१ र पुरुषको जनसंख्या २९५ रहेको छ ।

यसरी जनसंख्या बनोटलाई हेर्दा आर्थिक रुपले सक्रिय जनसंख्या भन्दा आर्थिक रुपले निर्भर जनसंख्या २.१३ प्रतिशतले कम छ । पर्सा गाँउको मुक्त कमैया परिवारमा ६० वर्ष भन्दा माथिको जनसंख्या ६.३६ प्रतिशत रहनुले त्यहाँको स्वास्थ्यको स्थिति त्यति राम्रो देखीदैन । त्यस्तै ०-१४ वर्ष उमेर समुहका जनसंख्या ४२.५७ प्रतिशत रहनुले अझैपनि मुक्त कमैया परिवारहरु थोरै सन्तानप्रति आकर्षित हुन सकेका छैनन् ।

## ५.१.२ साक्षरता शैक्षिक स्थिति

मुक्त कमैया परिवारहरुको शैक्षिक स्थिति न्युन रहेको पाइन्छ । मुक्त अगाडी उनीहरुका सम्पूर्ण परिवारका सदस्यहरुले मालीकको घरमा काम गर्नुपर्ने बाध्यता थियो । त्यसैले शिक्षाको अवसरबाट उनीहरु वञ्चित हुनु स्वाभाविक थियो । साथै पढ्ने लेख्ने काम हाम्रो होइन भन्ने मानसिकताले काम गरेको पाइन्थ्यो । तर कमैया मुक्ति पछि गैर सरकारी संस्थाहरुको चेतना मूलक कार्यक्रम संचालन गरेपछि उनीहरु शिक्षा प्रति आकृषित भएको पाइन्छ ।  अध्ययन क्षेत्रका मुक्त कमैयाहरुको शैक्षिक स्थितिलाई तालिका २ मा देखाइएको छ ।

**तालिका २**

**शिक्षाको स्थिति**

| शैक्षिक स्थिति | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| शिक्षित | ५८ | १३.१२ | ६६ | १४.९३ | १२४ | २८.०५ |
| अशिक्षित | १४४ | ३२.५७ | १७४ | ३९.३६ | ३१८ | ७१.९६ |
| जम्मा | २०२ | ४५.७० | २४० | ५४.२९ | ४४२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका २ मा ५वर्षभन्दा माथिका कुल जनसंख्यामध्ये ७१.९६ प्रतिशत मानिसहरु अशिक्षित छन् भने २८.०५ प्रतिशत शिक्षित रहेका छन् । महिलाहरु १३.१२ प्रतिशत शिक्षित छन् भने ३२.५७ प्रतिशत अशिक्षित छन् जुन जनसंख्याको ठुलो हिस्सा हो । पुरुष १४.९३ प्रतिशत शिक्षित छन् त्यसैगरी ५४.२९ प्रतिशत अशिक्षित छन् ।

मुक्त कमैया परिवारमा शिक्षाको स्थिति अत्यन्त न्यून रहेको देखीन्छ । यसरी शिक्षाको स्तरमा न्यून रहनुमा मुख्यगरी गरीवी त्यस्तै चेतनाको कमी , अर्कोको घरमा काम गर्नुपर्ने बाध्यता प्रमुख कारणको रुपमा रहेका पाईन्छ ।

**तालिका ३**
**५ वर्षभन्दा माथिको शिक्षाको स्तर**

| शिक्षाको स्तर | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| साक्षर | १४ | ११.२९ | १८ | १४.५१ | ३२ | २५.८० |
| १-५ कक्षासम्म | २२ | १७.७४ | २७ | २१.७७ | ४९ | ३९.५१ |
| ५-८ कक्षासम्म | १२ | ९.६७ | १४ | ११.२९ | २६ | २०.९६ |
| ८-१० कक्षासम्म | ६ | ४.८३ | ५ | ४.०३ | ११ | ८.८७ |
| एस.एल.सी | ३ | २.१४ | २ | १.१६ | ३ | २.४१ |
| आइ.ए | १ | ०.८६ | - | - | १ | ०.८६ |
| जम्मा | ५८ | ४६.७० | ६६ | ५३.२२ | १२४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०६७

तालिका ३ मा ५वर्ष भन्दा माथिको जनसंख्याको स्थितिलाई हेर्दा २५.८० प्रतिशत मानिसहरु साक्षर छन् । भने १-५ कक्षा सम्म अध्ययन गरेका ३९.५१ त्यसैगरी ५-८ कक्षा सम्म अध्ययन गरेका मानिसहरुको जनसंख्या २०.९ प्रतिशत छ अनि कक्षा ८-१० सम्म पढेकाहरु ८.८७ प्रतिशत छन् भने एस.एल.सी सम्मको अध्ययन पुरा गरेका केवल २.४१ प्रतिशत छन् । आई.ए सम्म अध्ययन गरेका मात्रै ०.८६ प्रतिशत रहेका छन् ।

यसरी शिक्षाको स्थितिलाई हेर्दा १-५ कक्षा सम्म अध्ययन गरेका सबैभन्दा धैरै जनसंख्या रहेको छ भने आई. ए सम्म अध्ययन गरेका एकजना माहिला मात्रै छिन् । मुक्त थारु कमैयाहरुमा पढाइलाई खास्सै महत्व दिएको पाईदैन तर आजभोली उनिहरुका बालवालीकाहरुलाई विभिन्न गैर सरकारी सघंसस्थाहरुले पढाउन सहयोग

गरेको हुनाले भर्ना दरमा केहि बढेको पाईन्छ । तर अध्ययन पुरा नगरी विविध कारणले बिचैमा विद्यालय जान छोड्नेको गरेको पाईन्छ ।

### ५.१.३ पारिवारिक संरचना

परिवार कुनैपनि समाजिक संरचनामा प्रमुख स्थान भएको एक सार्वभौमिक समुह, संघ, संस्था तथा इकाई हो । समाज जङ्गली, प्रचिन, आदिम, सभ्य वा आधुनिक गाँउ वा सहर जहासुकै होस् त्यहा कुनै न कुनै रुपमा परिवार रहेको हुन्छ । जुनसुकै समाजमा परिवार रहने हुनाले यसको महत्वपूर्ण विशेषता भनेको सर्वव्यापकता हो । अध्ययन क्षेत्रका मुक्त कमैयाहरुको पारिवारिक संरचनालाई हेर्दा निम्न अनुसारको देखिन्छ ।

**तालिका ४**
**पारिवारिक संरचना**

| परिवारको किसीम | घर संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | २९ | ४८.३३ |
| संयूक्त परिवार | २२ | ३६.६६ |
| बृहत परिवार | ९ | १५.०० |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका ४ मा पारिवारिक संरचनालाई हेर्दा मुक्त कमैयाका कुल ६० परिवार मध्ये ४८.३३ प्रतिशत  एकल परिवारमा बस्दछन् भने ३६.६६ प्रतिशतपरिवार संयुक्त परिवारमा बस्दछन् । बृहत परिवारमा १५ परिवार बसोवास गर्दछन् ।

यसरी पारिवारिक संरचनालाई हर्दा मुक्त थारु कमैया परिवारहरुमा क्रमश बृहतबाट संयुक्त तथा संयुक्तबाट एकल परिवारमा रुपान्तरण हुदै गएको पाईन्छ । जसका कारणमा आधुनिकरणको प्रभाव , व्यक्तिगत स्वतन्त्रताको चाहाना ,पारिवारिक झगडा आदि प्रमुख कारण रहेको पाईन्छ ।

### ५.२ आर्थिक अवस्था

समाज व्यवस्थाको विभिन्न पाटाहरु मध्ये अर्थतन्त्र तथा आर्थिक संस्था पनि एक महत्वपूर्ण अङ्ग हो । बस्तु उत्पादनको स्वरुपले आर्थिक संस्थाको स्वरुप पनि निर्धारण गर्दछ । त्यसो त आर्थिक क्रियापकलापको स्वरुप जस्तो छ त्यस्तै सामाजिक सम्वन्धमा पनि उसको भूमिका हुने गर्दछ ।

### ५.२.१ पेशा

आधुनिक समाजमा मानिसले कस्तो खालको पेशा अपनाउने भन्ने कुरामा पूर्ण स्वतन्त्र हुने भएता पनि परम्परागत खालको कृषिमा आश्रित समाजमा त्यस्तो खालको स्वतन्त्रता रहदैन । मुक्त कमैयाका परिवारहरु अधिकाशं कृषिमै निर्भर भएतापनि केहि न्यून मानिसहरु अन्य पेशा वा व्यवसायमा संलग्न रहेको पाइन्छ । यस अध्ययन क्षेत्रमा मुक्त कमैया परिवारहरु निम्न अनुसारको पेशा अपनाएको देखीन्छ ।

**तालिका ५**

**विभिन्न पेशामा संलग्न परिवारहरु**

| पेशा | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नो खेती | १४ | २३.३२ |
| कमैया | २ | ३.३३ |
| अधिया | २८ | ४६.६४ |
| व्यापार | १ | १.६६ |
| नोकरी | २ | २.३३ |
| मजदुरी | १३ | २१.६५ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

तालिका ५ मा विभिन्न पेशामा संलग्न मुक्त कमैया परिवारहरुको पेशागत संलग्नतालाई हेर्दा सबैभन्दा ठुलो संख्यामा ४६.६४ प्रतिशतले अधिया गर्दछन् । उनीहरुले अधिया खेती गर्ने जमिन पहिले कमैया बसेका जमिन्दारहरुको जमिन हो । यसको प्रमुख कारणमा उनिहरु सँग खेती गर्ने आफ्नो जग्गा नहुनका साथै अघिल्लो पुस्ताका मानिसहरु घर छोडेर बाहिर नजानु नै हो । अधिया खेती गर्दा उनिहरुमा खेती

सम्वन्धि ज्ञान र सीप भएका कारण धेरैले अधिया खेती गरेको पाईन्छ । त्यस्तैगरी मजदुर गर्ने परिवारको संख्या २१.६५ प्रतिशत रहेको छ । भने आफ्नै खेती गर्नेहरु २३.३२ प्रतिशत छ । यद्यपी आफ्नै खेती गर्ने परिवारका अन्य सदस्यहरु मौसमी ज्यालादारीका रुपमा काम गर्ने गरेको पाइयो । ३.३३ प्रतिशत परिवारहरु कमैयाका रुपमा अर्काको घरमा काम गर्ने गरेको पाइयो । कमैया बस्नुको कारण कर तथा दवाव नभई उनहिरुको बाध्यता रहेको पाईन्छ ।

नोकरी गर्नेमा कुल परिवार संख्याको २.३३ प्रतिशत अर्थात २ जना मात्र छन. । जसमा एकजना नेपाल प्रहरी सेवामा छन् भने अर्का १ जना स्थानीय विद्यालयमा पियनका रुपमा कार्यरत छन् । नोकरी गर्ने परिवार कम हुनुमा मुक्त कमैया परिवारहरु अशिक्षित हुनु नै प्रमुख कारण हो । मजदुरी गर्न बाहिर जानेको परिवार संख्या २१.६५ प्रतिशत छ । जुन युवाहरुको जनसंख्या हो । तिनीहरु स्थानीय बजार लगायत भारतका विभिन्न स्थानहरुमा २,३ महिनाका लागी मजदुरीमा जाने र त्यहीको आम्दानीबाट परिवारको गुजरा चलाउने गरेको देखीन्छ ।

### ५.२.२ जग्गामा पहुँच

जमिन माथिको स्वामित्वले नै मानिसको आर्थिक हैसियत निर्धारण गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ । कृषिमा आधारीत समाजमा जमिन नै जिविकाको एक मात्र माध्यम हो जसको आधारमा आर्थिक गुजारा चल्दछ । तर सबैजसो समाजमा जग्गाको वितरण समान नभएको कारण र आफ्नो भूमिमाथीको स्वामीत्व गुमाएका कारण यस क्षेत्रका थारु समुदायहरु आर्थिक गुजाराका लागी अरुकोमा काम गर्दै गुजारा गर्ने हुनाले कमैयाको रुपमा चिनिदै आएका छन् । तसर्थ यस अध्ययन क्षेत्रमा धेरै परिवार सँग अत्यन्त न्यून जग्गा छ । भने कतिपय त भूमिहिन नै छन् । यस अध्ययन क्षेत्रका मुक्त कमैयाहरुको परिवारको जग्गाको स्वामित्व निम्न तालीकामा देखाईएको छ ।

**तालीका ६**

**जग्गाको वितरण**

| जग्गाको मात्रा (कट्ठा) | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| भुमिहिन | ९ | १४.९९ |
| १-२ कट्ठासम्म | १२ | २० |
| ४-६ कट्ठासम्म | १४ | २३.३३ |
| ७-९कट्ठासम्म | ११ | १८.३३ |
| १०-१२ कट्ठासम्म | ८ | १३.३३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७।

तालिका ६ मा उल्लेखीत मुक्त कमैयाका परिवारसँगको जग्गाको स्वामित्वलाई हेर्दा १४.९९ प्रतिशत अझै भूमिहिन छन् भने २० प्रतिशतसँग केवल घरवास मात्र अर्थात १-२ कट्ठा सम्म मात्र जमिन छ। त्यस्तै १२ कट्ठा भन्दा बढी जग्गा हुने परिवार १० प्रतिशत मात्र छन् । नेपाल सरकारले मुक्त कमैया परिवारहरुलाई प्रदान गर्ने भनेको जग्गा यस पर्सा गाँउका मुक्त कमैयाहरुले अझैसम्म पनि प्राप्त गर्ने सकेका छैनन् । जग्गा जमिनको स्वामित्वलाई हेर्दा धेरै जसो परिवारलाई आफ्नो जग्गाले मात्रै खान नपुग्ने अवस्था छ । त्यसैले सम्पुर्ण मुक्त कमैया परिवारहरु अनेत्र काम गर्नकालागी बाध्य छन् । हाल उनीहरुसँग भएको जग्गा मुक्तिपछि उनीहरुले किनेका हुन् ।

### ५.२.३ स्वास्थ्य सेवामा पहुँच

स्वास्थ्य नै मानिसको धन हो । जबसम्म मानिस स्वास्थ्य रहँदैन तबसम्म उसले आफ्नो जीवनस्तर माथि उठाउन सक्दैन । गरिबी, अशिक्षा, चेतनाको कमी, सर्वसुलभ रुपमा स्वास्थ्य पहुँचबाट टाढा रहँदा मानिसले आधारभूत स्वास्थ्य सेवा पाउन सकेको हुँदैन मुक्त कमैयाहरुको स्वास्थ्य स्थितिलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ७**

**स्वास्थ्य स्थिति**

| बिरामी हुँदा | परिवार संख्या | प्रतिशत |
| --- | --- | --- |
| डाक्टरकोमा जाने | ३ | ४.०४ |
| गुरुवाकोमा जाने | ५७ | ९४.९६ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

स्वास्थ्य मुक्त कमैयाहरुको सबैभन्दा गम्भीर समस्याका रुपमा देखा परेको छ । अव्यवस्थित बस्ती, उचित र प्रयाप्त पानीको अभाव, शौचालयको कमी, चेतनाको अभाव, उचित पोषणको अभावमा उनिहरुको स्वास्थ्य स्थिति नाजुक रहेको पाइन्छ । आफुलाई रोग लागेतापनि कस्तो खालको रोग आफुलाई लागेको हो भन्ने कुरामा यिनीहरुलाई खास्सै चासो रहदैन साथै यिनीहरु विरामी हुदा स्थानिय गुरुवा तथा जडिबुटीको प्रयोग बढी गर्दछन् ।

तालिका ७ मा उल्लेख गरीएझै केवल ४.९९ परिवार मात्र विरामी हुदा मेडीकल वा अस्पतालमा जाने गरेको पाईन्छ भने बाँकी ९४.९६ प्रतिशत परिवारका मानिसहरु विरामी पर्दा स्थानीय गुरुवा कहाँ झारफूक गराउन जाने तथा जडिबुटीको प्रयोग बाटै विरामीको उपचार गराउने गरेको पाइन्छ । डाक्टर कहा औषधि उपचार गराउन नजानुमा गरिवी, चेतनाको अभाव, अस्पताल नजिक नहुनु आदी प्रमुख कारण रहेको पाइन्छ ।

### ५.३ वैयक्तिक अध्ययन

### ५.३.१ वैयक्तिक अध्ययनः-एक (पूर्व कमैया)

विहानै सबेरै उठ्नु आखाले ठम्याउन्जेल हलो जोत्नु पैत्तिस वर्षिय कालु चौधरीको दिनचर्या हो । गंगा परस्पुर गा.वि.स ३ पर्सामा बसोवास गर्ने कालुले यसरी जोत्न थालेको पन्ध्र बर्षभन्दा वढि भयो । उनी आफुले थाहा पाउदाको उमेर देखी नै

अर्काको घरमा गोठालाको रुपमा काम गर्दथे । गोरु भैसी हेर्ने गोठालाको रुपमा उनको बाल्यकाल वित्यो । आफुले वर्षदिन सम्म गाईगोरु हेरे वाफत मैले के कति रकम वा अन्न पाउथे त्यो मलाई थाहा छैन किनकी यसको हिसाव किताव वुवाले गर्दथे । उनले कुराकानीको क्रममा बताए ।

जब म विस, वाइस वर्षको थिए तवदेखी नै अर्काको घरमा कमैया बसे । एक वर्ष कमैया बसेबाफत मैले असी मन धान (एक मन बरावर पन्ध्र किलो) पाउथे । यसैवाट मेरो परिवारको गुजरा चल्ने गर्दथ्यो । करिव सोह्र वर्षको उमेरमा विवाह गरेका कालुका हाल चार छोरी, दुई छोरा, श्रीमती र आमा गरी नौ जनाको परिवार छ ।

हाल उनी कसैको घरमा कमैया त बसेका छैनन् तर उनी अर्काको जग्गामा अधिया खेति गर्दछन् । आफ्नो जग्गा केवल ३ कट्ठाको घरवास भन्दा अरु केहि छैन । जसले गर्दा अधियामा खेति गर्नु उनको बाध्यता बनेको छ । कालुका छोरीहरु नजिकैको विद्यालयमा क्रमश आठ, पाँच र तिन कक्षामा पढ्दैछन् । भने छोराहरु अझै सना छन् । उनकी श्रीमती उनलाई बाहिरको काममा सघाउनका साथै घर भित्रका अन्य काम समेत गर्दछिन् । शिक्षा प्रति अत्यन्त लगाव भएका कालु चौधरी पौढ शिक्षा मार्फत साक्षर सम्म भएका छन् । आफु कमैयाबाट मुक्त भएपनि सरकारले मुक्त कमैयाहरुकालागि उपलब्ध गराउने भनेको जग्गा तथा घर बनाउने पैसा र काठ नपाउदा उनी दुःखी छन् । धेरैपटक भूमिसुधार कार्यालयमा धाउदा समेत मैले कुनै सरकारी सुविधा पाउन सकेन । उनले गुनासो पोखे ।

आफुले दुःख गरेर भएपनि छोरा छोरीलाई धेरै पढाउने उनको धोको छ । त्यसमा त छोरीहरुलाई एफ.एन.सी तथा स्वान जस्ता गैरसरकारी संस्थाले पढाउन सहयोग गरेकोमा उनी खुसी छन् ।

छोरीहरु पढ्ने, छोराहरु सानै बृद्ध आमा तथा श्रीमतीले घरको काम गर्नुपर्ने भएकोले उनको एक्लो कमाईले घरपरिवार धान्न निकै कठिन भएको उनले बताए । हाल अहिले उनी अधियामा एक विघा खेतवारी लगाउदछन् । अर्काको जग्गा लगाए वाफात उनले मालिकको केही काम सित्तैमा गरिदिने गरेको बताए । मिलमा

गइदिनुपर्ने, अप्ठारो पर्दा मालिकाको घरमा सीत्तैमा काम गरिदिनुपर्ने भएपनि मालिक प्रति उनको गुनासो छैन । किनकी अप्ठेरो पर्दा मालिकले नै सहयोग गर्ने उनले बताए ।

उनका वावु बाजे पनि कमैयाका रुपमा अर्काको घरमा काम गर्ने गरेको उनकी आमा बताउदछिन् । भविष्यप्रति खास्सै चिन्ता नभएका कालुको परिवार कहाँवाट वसाइसराई गरी आएको भन्नेपनि थाहा छैन । खरको छानो अनि खरकै भित्ता भएको सानो तर लामो झुपडीमा बसोवास गर्दै आइरहेको कालु चौधरीको घरमा चर्पि छैन । तर खानेपानीको धारो उनको घरमै छ । जसकालागी गैरसरकारी संस्थाले सहयोग गरेको उनले बताए । परम्परागत सोचाई तथा गरीवीले गर्दा विरामी पर्दा डाक्टर भन्दा पहिले स्थानिय गुरुवाकोमा पुग्ने गरेको उनले कुराकानीको शीलसीलामा बताए ।

**५.३.२ वैयक्तिक अध्ययनः-दुई (गोठालो)**

चौध वर्षिय जितु चौधरी छ वर्ष भयो जमिन्दारको घरमा काम गर्न थालेको । स्थानिय जमिन्दारको घरमा घरेलु कामदारको रुपमा दैनिक बाह्र घण्टा उनी काम गर्दछन् । उनलाई जमिन्दारको घरमा काम गरे वाफत आफु र आफ्नो परिवारले के पाउछ भन्ने बारेमा कुनै जानकारी छैन । बिहानै उठि मालिकको घरमा जानु बिहान भरी मालिकको घरमा काम गर्नु दिउसो भैसी चराउनु साझ पुनः घरायसी काम गरी अध्याँरो हुने समयमा घर फर्कनु जितु चौधरीको दिनचर्या हो ।

आठ वर्षको उमेरदेखी नै अर्काको घरमा काम गरेका जितु अब भने कसैको घरमा नोकरको रुपमा बस्न नपरे हुन्थ्यो भन्ने चाहन्छन् तर उनको यो चाहाना उनले चाहादैमा पुरा हुदैन किनकी यसको कुराको निर्णय उनका वावुले गर्दछन् । यद्यपी उनको वावुले अझै जितुलाई घरायसी कामदारको रुपमा मालिकको घरमा बसालीदिने सोचाई बनाएका छन् । यसको कारण सोध्दा उनले भने मालिकसँग अझै ऋण बाकी रहेको र मालिकले कि ऋण तुरुन्त चुक्ता गर्नुपर्ने कि जीतुलाई काममा लगाउन पाउनुपर्ने शर्त राखेका कुराकानीको क्रममा उनका वावुले बताए । जितुले विद्यालय जाने अवसर कहिले पाएनन् त्यसैले उनी निरक्षर छन् । जितुका तिन दाजु, दुई बहिनी, बुवा र आमा गरी आठ जनाको परिवार छ । दाजुभाई कोहि विद्यालय जादैनन् ।

वहिनीहरु भने भरखरै मात्र विद्यालय जान थालेको छन् उनका वावुले केही आफ्नै खेती तथा केही अधिया खेती गरेका छन् । तिन दाजुहरु मजदुरी गर्ने गरेको उनले कुराकानीको क्रममा बताए ।

बालवालीकालाई काममा लगाउन नपाईने वर्तमान कानुन भएता पनि जितु आठ वर्षको उमेरदेखि नै अर्काको घरमा घरेलु कामदारको रुपमा काम गर्दै आइरहेका छन् । तर यसको विरोध न कुनै संघ संस्थाले गरेका छन् न त अरु कसैले नै पछि ठुलो भएपछि चालक बन्ने ईच्छा राखेका जितु अहिलेपनि अर्काको घरमा दैनिक बाह्र घण्टा काम गर्दै आइरहेका छन् मालिकले कस्तो व्यवहार गर्दछन् भन्ने प्रश्नमा उनले भने सानो गल्तीमा ठुलो सजाय दिने, कुट्ने, समयसमयमा निकै गाली गर्ने मालिकको घरपरिवारका सदस्यहरुको व्यवहार पट्क्कै मन नपर्ने कुरा उनले बताए । धेरै भारी बोकाउने कहिले ढिलो गरेमा धेरै रीसाउने गरेको समेत उनले बताए ।

### ५.३.३ वैयक्तिक अध्ययनः- तिन (कम्लहरी)

वयालीस वर्षिय रोहिनी चौधरीको परिवारमा हाल दुई छोरा मात्र छन् । दश वर्ष अगाडी उनको पतिको मुत्यू भयो भने भर्रखरै मात्र उनको छोरीको बिहे भयो । दुईवटै छोराहरु पढ्दै छन् भने उनी अर्काको घरमा काम गर्दछिन् आफ्नो नाममा कुनै जग्गा नभएका कारण मालिकले बनाई दिएको घर र उनकै जग्गामा रोहिनीको परिवार बसोवास गर्दै आइरहेको छ । उनका पति करिव पच्चिस वर्षजती उनै मालिकको घरमा कमैया बसे रोहिनीको बिहे हुदा उनका पति उनी मालीकको घरमा काम गर्दथे । कडा रोगका कारण उनको पतिको मृत्यू पछि रोहिनीको परिवार पूर्णरुपमा मालिकसँग आश्रित बन्न पुग्यो ।

उनी बिहानै मालिकको घरमा काम गर्न पुग्दछिन् त्यहा विभिन्न किसीमको घरायसी काम गर्दछिन् खाना खाएर गाईभैसी चराउने जिम्मा पनि उनकै हो साझ मालिकको खेतवारीमा काम गरी बेलुका अध्यारो भएपछि मात्र उनी आफ्नो घरमा फर्कन्छिन् । उनले मालिकको घरमा काम गरेवाफत के कती रकम वा ज्याला पाउदछिन् त्यसको कुनै हिसाव किताव छैन । केवल उनको परिवारले खान लगाउन मात्र पाएको छ । रोहिनीका दुई छोरा कक्षा आठ र कक्षा तिन पढ्दै छन् तर

मालिकको घरमा कामको चाप बढि भएमा उनिहरु स्कूल नगई काममा खटिनु पर्ने बाध्यता छ । मालिककै जग्गामा बसोवास गरेकोले उनले अहिलेसम्म पनि आफुले काम गरेको हिसाव किताव के कति हुन्छ भनी स्पष्ट रुपमा भन्न सकेकी छैनन् ।

कमैया प्रथाको अन्त्य र सम्पूर्ण कमैयाहरु मुक्त भएको भन्ने थाहा पाएकी रोहिनी अझैपनि कम्लहरीका रुपमा अर्काको घरमा काम गर्दछिन् । जहाँ उनको कामको कुनै हिसाव किताव नै छैन । मात्र परिवारको गुजरा चलेको छ । छोरीको बिहे नहुदासम्म खास्सै दुःखको महसुस नगरेकी रोहिनी मालिक अनी आफ्नो घरमा समेत काममा खटिनुपर्ने बाध्यता भएकोले आजभोलि निकै अप्ठेरो भएको कुराकानीको अन्तमा बताईन् ।

माथि उल्लेख गरिएका वैयक्तिक अध्ययनमा  समाबेश भएका कालु, जीतु , रोहिनी मुक्त कमैयाका प्रतिनिधि पात्र हुन् यस क्षेत्रका मुक्त कमैयाहरुको हालको अवस्था कस्तो छ भन्ने कुरा यी तिन व्यक्तिको वैयक्तिक अध्ययनलेपनि बताउदछ । सरकारी घोषणाले उनीहरुलाई अझै वास्तविक अर्थमा मुक्त गरेको देखीदैन ।

कालु चौधरीको जिवनमा वर्तमान अबस्थामा कमैया मुक्ति पछि पनि उल्लेखनिय परिवर्तन आएको छैन । अझैपनि उनि पूर्ण रुपमा स्वतन्त्र जिवन बिताउन पाएका छैनन् । भने रोहिनी अझैपनि कम्लहरीको रुपमा अर्काको घरमा काम गर्दछिन् । आफुले बिहानदेखी बेलुकासम्म काम गरेवाफत  उनको परिवारले खान र लगाउन मात्र पाएको छ । त्यस्तै जितु चौधरी बालक भएपनि अझैपनि बालश्रमिकका रुपमा अर्काको घरमा काम गर्न बाध्य छन् ।

# अध्याय छ

## मुक्त कमैयाहरुको सामाजिक तथा आर्थिक स्थितीमा आएको परीवर्तन

### ६.१ पारीवारीक संरचनामा परिवर्तन

मुक्त कमैया परिवारहरुको पारिवारीक संरचनामा ठुलो परिवर्तन आएको देखीन्छ । थारु समाजमा परिवारहरु संयुक्त रुपमा तिन चार पुस्ता सम्म एउटै परिवारमा संयुक्तरुपमा बस्ने गरेको अगाडीका अध्ययनहरुले देखाएको छ । तर कमैया परिवारमा कमैया हुँदा परिवारका सदस्यहरु अलग अलग रुपमा बस्नुपर्ने हुँदा उनिहरुको परिवार संख्या सानो देखीन्छ भने मुक्त भएपछि ति सदस्यहरु अलग अलग घरमा बस्दछन् । अध्ययन क्षेत्रका मुक्त कमैया परिवारहरुको पारिवारीक संरचना तालिका ४ ले प्रष्ट पारेको छ । जहा एकल परिवारको संख्या ४८.३३ प्रतिशत रहेको छ । यसरी परिवार सानो संख्या हुदै जानेको कारण एकातिर आर्थिक बाध्यता छ भने अर्को तिर वरपरीका समाजमा आएको पारीवारीक विखण्डनको असर पनि यस क्षेत्रमा परेको देखीन्छ ।

### ६.२ पेशामा परिवर्तन

यस अध्ययन क्षेत्रका पूर्व कमैयाहरुको हालको पेशाको स्थितिलाई हेर्दा पेशामा परिवर्तन आएको देखिन्छ । जुन २०५७ साल साउन भन्दा अधि थिएन । खास गरी बाँधा जिवनवाट मुक्त भएपछि काम गर्ने जहासुकै जानमा स्वतन्त्र भए र जुनसुकै काम गर्न स्वतत्र भए जसले गर्दा उनिहरुलाई खेतीमै सीमीत रहनुपर्ने स्थिीती रहेन । तालिका ५ मा उल्लेख गरीए झै आफ्नै खेती गर्ने परिवारको जनसंख्या २३.३२ प्रतिशत छ भने मजदुरी गर्ने २१.६५ प्रतिशत रहेका छन् जो पूर्ण रुपमा युवाको जनसंख्या हो । यसरी परम्परागत रुपमा कमैया, गोठालो, कम्लहरी बस्ने प्रथा हराउदै गई धेरै जसो अधिल्ला पुस्ताका मानिसहरु अधिया खेती गर्दछन् भने युवा पुस्ता रोजगारीका लागी घरबाहिर जाने क्रम बढ्दो छ ।

घर बाहिरका काममा प्राय मौसमी ज्यालादारीका रुपमा नजिकैका स्थानीय शहरहरुमा ज्यालादारी काम गर्ने, इट्टा पार्ने काम, घर बनाउने काम गर्ने गरेको पाइन्छ ।

## ६.३ आवासको स्थितिमा परीवर्तन

जिवनमा जसरी खानाको लागी गाँसको आवश्यकता पर्दछ सुरक्षितसाथ रहनका लागी आवासको पनि त्यत्तिकै महत्वपुर्ण भूमिका रहन्छ । यस अध्ययन क्षेत्रका मुक्त कमैया परिवारहरुको आवासको स्थितिमा आएको परिवर्तनलाई निम्न अनुसार तालिकामा देखाईएको छ ।

**तालीका ८**

**आवासको स्थीतिमा आएको परिवर्तन**

| घर | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नै | ५२ | ८६.३२ |
| अरुको | ८ | १३.६६ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

तालीकामा मुक्त कमैया परिवारहरु ८६.३२ प्रतिशत हाल आफ्नै घरमा बस्दछन् । जो मुक्त हुनु पुर्व सबैजसो परिवारहरु मालिकको छाप्रोमा बस्ने गरेको देखीन्छ । बाँकि १३.६६ प्रतिशत सँग अफै आफ्नो घर छैन जो मालिकको छाप्रोमा नै अफैसम्म गुजरा चालाइरहेको देखिन्छ ।

यसरी मालिकको छाप्रोमा बसोबास गर्ने मूक्त कमैयाका परिवारहरु केहि हदसम्म मालिककै परिवारमा आश्रीत छन् र ति मध्ये केहि अफै सम्मपनि कमैयाका रुपमा अर्काको घरमा काम गर्दछन् । आफ्नो घर हुने भने स्वतन्त्र जिवन विताएको पाइन्छ ।

## ६.४ महिला तथा बालबालीका र युवाहरुको स्थीतीमा परिवर्तन

**महिलाहरुको स्थितिः**

कमैया भन्नाले शाब्दीक रुपमा लोग्ने मानिसलाई मात्र बुझाएपनि काम गर्दा श्रीमान-श्रीमती जानुपर्ने हुन्छ । कमैयाका श्रीमती जसलाई कम्लहरी भनिन्छ । उनले पनि श्रीमानसँग समान रुपमा काम गर्नुपर्ने हुन्छ । जसको बदलामा उनले ज्याला भने अत्यन्त न्यून पाउथिन् । महिलालाई कामको दोहोरो भार हुन्थ्यो । एकातिर मालिकको परिवारको भाडाकुडा माझ्ने देखी खेतवारीको काम र आफ्नो बुक्राको खाना पकाउने थारुलाई खेतवारीमा खाना खुवाउने  र मालिकका गाईभैसीको मोल सोहर्ने सम्पूर्ण कामको जिम्मा कम्लहरीको हुने गर्दथ्यो । यस अध्ययन क्षेत्रमा सम्पूर्ण महिलाहरु हाल घरको काम गरी बचत भएको समयमा अनेत्र मजदुरीको काम गर्दछन् । जसको बदलामा उनीहरुले १६० रुपैया नगद वा सो वरावरको अनाज पाउने गर्दछन् । केही महिला बाहेक खेतीको समयमा स्थानिय कृषकका खेतवारीमा काम गर्दछन् भने फुर्सदको समयमा माछा मार्ने जस्ता कार्य गर्दछन् । जसवाट उनिहरुलाई मनोरञ्जन तथा दैनिक माछाको आपूर्ती गर्दछन् । जुनकुरा उनीहरु कम्लहरी हुँदा पाउदैनथे ।

**बालवालिकाको स्थितिः**

बालबालिकाहरु भविष्यका कर्णधार हुन् । आजका बालबालिकाहरुको काँधमा भोलीको देश बनाउने जिम्मा रहेको हुन्छ । यसका लागी बालबालिकाहरुलाई उचित शिक्षा दिक्षाको आवश्यकता पर्दछ । अर्कोतिर नेपालको संविधानले समेत बालश्रमलाई निषेध गरेको छ । अध्ययन क्षेत्रका बालवालिकाहरुको शैक्षिक स्थिति नाजुक भएपनि विगतको तुलनामा केही प्रगती भएको मान्न सकिन्छ । त्यस्तै बालबालिकाहरुलाई कमैया मुक्तिपछि पनि कम्लरहरीको रुपमा राख्ने प्रचलन पुरै हटिसकेको भने छैन । त्यस्तै बालबालीकाहरु काममा भन्दा पढाईप्रति आकर्षित भएको पाईन्छ । तर बिचैमा पढाई छोड्ने दर भने  बढिरहेको पाईन्छ ।

यसरी विचमै विद्यालय छोडनुको कारण मध्ये घरमा कामको चाप अत्याधिक हुन, सानै उमेरमा विवाह हुनु, घरको आर्थिक अवस्था नाजुक भई ज्यालादारी

मजदुरीकालागि घर बाहिर जानुपर्ने वाध्यता रहनु, उच्च शिक्ष सम्मका लागि छात्रवृत्ति प्राप्त गर्न नसक्नु आदि रहेका छन् ।

**यूवाहरुको स्थितिः**

देश निर्माणमा महत्वपूर्ण योगदान भूमिका खेल्ने भनेको युवा शक्ति नै हो मुक्त परिवारका यूवाहरु प्रायः कोही गाउँमा बस्दैनन् । मौसमी ज्यालादरीका रुपमा भारत लगायत नेपालका अन्य शहरहरुमा पुगी काम गर्ने गरेको पाईन्छ । प्रायजसो यूवाहरु अशिक्षित छन् । शिक्षित भएपनि केवल साक्षर हुनेको संख्या बढी छ । उनीहरुमा न त कुनै प्रकारको विशेष शिप छ न त तालीम नै त्यसैले उनिहरु केवल ज्यालादारी मजदुरी भन्दा माथि उठ्न सकेका छैनन् । जसले गर्दा उनिहरुको आर्थिक अवस्थामा सुधार आउन सकेको छैन ।

घर बाहिर धेरैजसो समय बस्ने हुदा उनिहरु खेतीपाती प्रायः गर्दैनन् । न त गोठालो नै जान्छन् । मुक्त अगाडी यूवाहरुको काम भनेको गाईभैसी चराउने नै हुन्थ्यो । आधुनिकीकरणको प्रभाव यूवा पुस्तामा निकै परेको पाईन्छ । संचार माध्यमका साधन उनिहरुका लागी मनोरञ्जनका साधन बनेका छन् । यसैकारणले गर्दा उनिहरु निकै कम उमेरमा गाउमै प्रेम विवाह गर्ने एक किसीमको संस्कृति नै भित्राएका छन् । जसलाई राम्रो मान्न सकिन्न ।

**६.५ शैक्षिक स्थितिमा आएको परिवर्तनः**

मुक्त कमैया परिवारहरुमा मुक्त भएपछि देखीएको परिवर्तनमा शिक्षामा आएको परिवर्नन सबैभन्दा महत्वपूर्ण र ठुलो परिवर्तन हो । किनकी २०५७ साल भन्दा अगाडी अत्यन्त न्यून संख्यामा उनिहरुका छोराछोरी विद्यालय जाने गर्दथे । किनकी त्यो समयमा प्रायः सबै केटाकेटी कम्लहरी वा गोठालोका रुपमा रुपमा काम गर्दथे । तर आजभोली मुक्त कमैयाका छोराछोरी विद्यालय पढ्न जाने गरेको तालीका नं. ३ ले देखाउँदछ । यसरी उनीहरुलाई विद्यालय सम्म पुऱ्याउनमा विभिन्न गैरसरकारी संघ संस्थाहरुले सहयोग गरेको पाईन्छ । जसका लागी किताव, कापी , पोषाक लगायत अन्य कुराहरुको समेत सहयोग गरेको नौ कक्षामा अध्ययनरत रीता चौधरीले बताइन् ।

## ६.६कमैया मुक्तिको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुले खेलेको भूमिका :

नेपालमा बहुदलिय प्रजातन्त्रको पुर्नस्थापना पछि कमैया प्रथाका बारे व्यापक चर्चा चल्न थालेको हो । यस प्रथालाई मानव अधिकारको उलंघनका रुपमा हेर्न थालीयौ परीणामस्वरुप गैरसरकारी, अन्तराष्ट्रिय गैरसरकारी संस्था, संयूक्त राष्ट्र संघिय एजेन्सीहरुले कमैया प्रथालाई बाधा श्रमबाट मुक्तीको लागी सक्रिय भूमिका खेल्न सुरु गरे । साथै सरकारी पक्षबाट पनि खासगरी भूमिसुधार मन्त्रालयबाट यस क्षेत्रमा काम सुरु भयो । धेरैजसो गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु कमैया प्रथा विद्यमान रहेका पाँच ओटै जिल्लालाई समेटेर काम गर्न थाले भने कुनै संस्थाहरुले कुनै खास जिल्ला र खास गा.वि.स.मा मात्र केन्द्रित भएर काम गरीरहेको पाईन्छ ।

### ६.६.१ सरकारी क्षेत्रको भूमिका

नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालयको २०५७ साउन २ गतेको घोषणबाट बाँधा जिवन बिताउन बाध्य कमैयाहरु मुक्त भए । जुन कार्यका लागी नेपाल सरकारले यस क्षेत्रमा केही वर्ष अगाडी देखी चासो देखाउदै आएको थियो । आर्थिक वर्ष २०४१/४२ का तत्कालीन श्रम तथा समाजकल्याण मन्त्रालयले दाङ, बाँके, बर्दिया र सुर्खेत गरी चार जिल्लामा मानिस किन कमैया प्रथा काम गर्दा रहेछन् भन्ने थाहा पाउन सर्वेक्षण गऱ्यो । आर्थिक वर्ष २०५०/५१ मा श्रम मन्त्रालयले बर्दिया, कैलाली र कञ्चनपुरमा कमैयाहरुको त्यसबखतको सामाजीक तथा आर्थिक स्थिति थाहा पाउन र त्यसको निराकरण गर्नको लागी ठोस सुझाव पेश गर्नु सीफरीस गऱ्यो । आर्थिक वर्ष २०५१/५२ देखी नै कमैया ऋणमोचन तथा वृत्ति विकास कार्यक्रमको नाममा कार्यक्रम लागु गरी उनीहरुलाई विभिन्न शिपमुलक तालीम सञ्चालन गरीयो ।

अध्ययन क्षेत्रका मुक्त कमैया परिवारको हक हितको लागी सरकारी क्षेत्रबाट भएका प्रयासहरुमा लागत संकलन वर्गीकरण मुक्तीको घोषणा र सौकी मिनाह गऱ्यो । यस बाहेक कमैयाहरुका लागी गरिएको थप काम केही देखीदैन कमैया ऋणमोचन तथा वृत्ति विकास विकासको फल सो क्षेत्रमा पुगेका देखीदैन । मुक्तीको घोषणा पछि

लामो समयसम्म भूमिसुधार कार्यलाय दाङबाट लागत लिने र वर्गीकरण गर्ने काममा नै लामो समय विताएको देखिन्छ ।

## ६.६.२ गैर सरकारी संस्थाको भूमिका

कमैया मुक्तिका लागि सन् १९९१ देखि नै यस क्षेत्रमा विभिन्न गैर सरकारी तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थारुले महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । वेश र इन्सेक यस क्षेत्रमा सुरुदेखि नै काम गर्दै आएका संस्थाहरु हुन् ।

कमैया मुक्तिका लागि सक्रिय रुपमा वेस नामक संस्थाले काम गरेको देखिन्छ । २०४७ सालमा संस्थालाई वैधानिक रुपमा दर्ता गरेर कमैया आन्दोलनलाई अगाडी बढाएको पाइन्छ । यस संस्थाले दाङ जिल्ला नारायणपुर गा.वि.स बुटनीयामा कमैया सचेतना कक्षा संचालन गर्न नदिने कुचेष्ठा त्यहाँका जमिनदारले गर्दा त्यसको प्रतिवाद गर्दै अनौपचारिक शिक्षा मार्फत चेतना फैलाई, दाङ, वाके, वर्दिया, कैलाली र कन्चनपुरमा संस्था विस्तार गरी सचेतना कक्षा संचालन गरेको पाइन्छ ।

२०४७ सालपछि कमैयाका क्षेत्रमा काम गर्ने संस्था समयक्रमसँगै विस्तार भए तर समन्वयको अभावले यी सबैको काम प्रभावकारी हुन सकेको थिएन । सबैको उद्देश्य एउटै भएकोले आपसी सर्म्पक बढाउने र समन्वयात्मक तवरले अघि बढ्ने उद्देश्यले २०५३ सालमा कमैया सरोकार समुह गठन भयो । यसैले यस क्षेत्रमा काम गर्ने संघ/संस्थाको छाता संगठनका रुपमा आफ्नो भूमिका राम्रोसँग निर्वाह गरेको पाइन्छ ।

कमैया समाज भित्रबाट गठित व्याकवार्ड सोसाइटी ऐजुकेसन (वेस) र कमैया प्रथा भित्रबाट आफ्ना कार्यक्रम संचालन गरिरहेका इन्सेक, जिफन्ट, कमैया प्रथा उन्मुलन समाज, कमैया सरोकार समुह जस्ता गैरसरकारी संस्थाहरुले कमैयाहरुलाई आफ्नो अधिकारका बारेमा प्रशिक्षित पार्ने काम गरिरहेका थिए र कमैया सामु सकारात्मक विश्वास आर्जन गरिरहेका थिए यस्ता विभिन्न किसिमका संस्थाहरुको क्रियाकलापबाट कमैयाहरु आफू ठगिएको र शोषित भएको तथा राज्यका तर्फबाट अन्याय पारिएको वास्तविकतासँग परिचित हुन थाले ।

कमैयाका बालबालिकाहरुलाई शिक्षा दिने नाममा होस् वा उनीहरुका स्वस्थ्य उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले होस् कमैया राखिएका गाउँ गाउँमा संचालित चेतनामुलक कार्यक्रमले कमैयाका लागि अधिकार बोध गराउने र यसका लागि आन्दोलित हुने वातावरण सृजना गरेको थियो ।

# अध्याय - सात

# अध्ययनको सारांश र निष्कर्ष

## ७.१. सारांश

नेपालमा दासप्रथाको उन्मुलन सन् १९२४ मा राणा प्रधानमन्त्री चन्द्र शम्शेरका पालामा भएता पनि पश्चिम नेपालका ५ ओटा जिल्लमा हालसम्मपनि विद्यमान रहेको देखिन्छ। हाल आएर नेपाल सरकार, गैर सरकारी संस्थाहरु, आन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु र संयुक्त राष्ट्रसंघको प्रयास वाट कमैया प्रथा निषध गरिएता पनि यद्यपी कतिपय मानिसहरु त्यही अवस्थामा बाँच्न वाध्य छन् । कमैया प्रथा सुरुका दिनहरुमा वाँच्ने आधारको रुपमा अपनाएको देखिन्छ । भने पछिल्ला दिनहरुमा यस प्रथाले व्यपकता पाउदै गयो र शोषणको माध्यम नै वन्यो ।

२०५७ साल साउन मा कमैयाहरु ऋण वाट मुक्त भएता पनि त्यसपछि पनि उनीहरुको पुनर्स्थापनाका लागि ठोस कदम नचालीनु, स्थानीय स्तरमा रोजगारी उपलव्ध नहुनु आदि कारणले गर्दा उनीहरुको सामाजिक तथा आर्थिक अवस्थावारे अध्ययन हुनु पर्ने देखिन्छ । यस अध्ययनका दुई ओटा उद्देश्य राखिएका छन् । मुक्त कमैयाहरुको जीवनमा आएको परिवर्तनलाई हेर्नु र कमैयामुक्तिका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुले खेलेको भूमिकालाई हेर्नु

यस अध्ययन क्षेत्रको रुपमा दाङ जिल्ला गंगापरस्पुर गा.वि.स. अर्न्तगतको पर्सा गाउँलाई क्षेत्र छनौट गरिएको छ। जहाँ वढि सङ्ख्यामा मुक्त कमैया परिवार वसोवास गर्दछन् अनुसन्धान गर्दा वर्णात्मक ढाँचाको प्रयोग भएको छ। तथ्याङ्क संकलनका लागि अर्न्तवार्ता, अवलोकन, मुख्यसुचनादाता अर्न्तवार्ता र केन्द्रिय समुह संगको छलफलको प्रयोग गरिएको छ।

यो अध्ययन दाङ जिल्लाको गंगापरस्पुर गा.वि.स. अर्न्तगत पर्सा गाउँ क्षेत्रमा केन्दित भई गरिएको अध्ययन हो जहाँ मुक्त कमैयाहरुका अलावा अन्य क्षेत्रवाट वसाई सराईगरि आएका मानिसहरु वसोवास गर्दछन् त्यसैले त्यहाँको थारु संस्कृति अन्य क्षेत्र वाट वसाई सराई गरिआएका मानिसहरुवाट प्रभावित भएको देखिन्छ । तिनको

संस्कृतिमा हाल आएर व्यपक परिवर्तन भएको देखिन्छ । धर्ममा यिनीहरु हिन्दु धर्म मान्दछन् भने भूत प्रेत तन्त्र मन्त्र मा वढि विश्वास गर्दछन् । भने हिन्दु देवि देउता, कृष्ण, कालीको पुजा गर्दछन्, वर्त वस्दछन् गीत गाउदछन् । त्यसैगरि यस क्षेत्रका थारु समुदायले लगाउने परम्परागत पोषाक पुरुषका लगैटि र झुलुवा तथा महिला लेहेङ्गा, चोलिया, गटिया, जस्ता पोषाक परिवर्तन भई पुरुष पाईन्ट, भेस्ट, तथा महिला सुरुवाल कूर्ता धोती ब्लाउज लगाउदछन् । गहनापनि परिवर्तन भई आधुनिक वजारमा पाईने गहना लगाउदछन् ।

अध्ययन क्षेत्रका मुक्त कमैया उमेर संरचनालाई हेर्दा ०-१४ वर्ष उमेरको ४२.५७ प्रतिसत देखिन्छ । भने १५-५९ वर्ष उमेर समुहको जनसङ्ख्या ५१.०६ प्रतिसत छ । ६० वर्ष भन्दा माथिको जनसङ्ख्या सवै भन्दा कम छ । शिक्षाको स्थितीलाई हेदा ७१.९६ प्रतिसत मानिसहरु अशिक्षित छन् । महिलाहरु ३२.५७ प्रतिसत अशिक्षित छन् । जम्मा १३.१२ प्रतिसत मात्र महिला शिक्षित छन् उच्च शिक्षा अध्ययन गर्नेहरु लगभग शुन्य नै छन् । पारिवारिक संरचना एकल खालको देखिन्छ । ४८.३३ प्रतिसत कमैया वस्नुपर्दा अलग अलग घरमा छुट्टिएर वस्नुपर्ने वाध्यता र वरपरिका समाजमा आएको एकल परिवारको असर परेको देखिन्छ । यस क्षेत्रका मुक्त कमैया परिवारहरुको पेशागत स्थितीलाई हेर्दा ठुलो सङ्ख्यामा अर्थात ४६.६४ प्रतिसत अधिया खेती गर्दछन् । यसो हुनुमा स्थानीय स्तरमा ज्यालाको कमी खेती वाहेक अन्यकाम उपलब्ध नहुनु यहाँको समस्या हो ३.३३ प्रतिसत हालपनि कमैयाका रुपमा काम गरिरहेका छन् । पशुपालनलाई पेशाका रुपमा नअंगाले पनि ग्रामीण कृषिको आधारको रुपमा लिएको देखिन्छ । २० प्रतिसत परिवारको नाममा १-३ कट्ठा जग्गा छ १४.९९ प्रतिसत मानिसहरु अझै भुमिहिन छन् । १२ कट्ठा भन्दा माथि जम्मा ६ परिवार संग जग्गा छ । आफ्नो जग्गा नभएकाकारण अधिकांश परिवार या त अधियामा खेती गर्दछन् या त मजदुरी गर्दर्छन् ।

मुक्त कमैया परिवारमा परिवारीक संरचनामा परिर्वर्तन भएको देखिन्छ । उनीहरु ४८.३३ प्रतिसत एकल परिवारमा वस्दछन् भने पेशामा ठुलो संङख्या अधिया खेतीमा संलग्न छन् । ८६.३२ प्रतिसत संग आफ्नो घर छ । भने बाँकि १३.६६ प्रतिसत

मात्र अरुको जग्गामा बसोवास गर्दछन् । मुक्त कमैया परिवारको हकहितमा कामगर्ने संस्थाहरु यस क्षेत्रमा उल्लेखनीय देखिदैन् नेपाल सरकारले पनि लामो समयसम्म लागत लिने काममै वितायो हालसम्म पनि जग्गा वितरण हुनसकेको छैन् भने गैर सरकारी तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले पनि यस क्षेत्रमा वाटो वनाउने वाहेक उल्लेखनीय काम गरेको देखिदैन मुक्त कमैयाका छोरा छोरीहरुको शिक्षाको लागि केहि गैर सरकारी संघसंस्थाले काम गदै आईरहेको कुरालाई सकारात्मक मान्न सकिन्छ ।

## ७.२. निष्कर्ष

कमैया प्रथा दासप्रथाको एउटा अवशेष हो । जहा एक मानवले आर्को मानवको शोषण गर्दछ । कमैया प्रथालाई गैरकानुनी घोषित गरिएतापनि यस पछिका दिन हरुमा कमैया वस्नेहरुको समाजिक तथा आर्थिक स्थितीमा उल्लेखनिय परिवर्तन भएको देखिदैन ऋण लिएरै भएपनि अधिकांसले वस्ने आवासको व्यवस्था गरे पनि अझै केहि परिवारहरुसंग आफ्नो घर छैन । जो अधिकांस कमैया नै छन् आफूसंग जग्गा नहुनु र अर्को विकल्प नहुदा न्युनतम ज्यालामा वर्षमा केहि महिना कृषि मजदुरी गर्न वाध्य छन् ।

मुक्त कमैया परिवारका लागि अत्यावस्यक शिक्षामा केहि परिवर्ततन आएको पाईन्छ । जुन उनीहरुको शैक्षिक स्थितीवाट प्रस्ट हुन्छ । मुक्त कमैया परिवारको पारिवारीक संरचनामा परिवर्तन आएको पाइन्छ मुक्त अगाडि वृहत तथा संयुक्त परिवारमा बसोवास गर्ने उनीहरु हाल धेरैजसो एकल परिवारमा बसोबास गर्दछन् । यसरी पारिवारीक संरचनामा परिवर्तन आउनुको कारण व्यक्तिगत स्वतन्त्रताको चाहाना पारिवारीक झगडा आदी रहेका छन् । त्यस्तै महिलाहरुको मुक्ति अगाडि कम्लहरीका रुपमा मालिक तथा आफ्नो घर भित्रको सम्पूर्ण काम गर्ने दोहरो जिम्मेवारी हुन्थ्यो भने हाल उनीहरु आफ्नो घरको काम मात्र गर्ने गर्दछन् । त्यस्तै युवाहरु पहिले जमिनदारका गाई भैसी चराउने काम गर्दथे भने हाल रोजगारीका लागि नजिकैका शहरहरुमा मौसमी ज्यालादारीका लागि जान थालेका छन् जसले गर्दा उनीहरुको आर्थिक अवस्थामा परिवर्तन आएको पाइन्छ ।

लामो समयदेखि अर्काको घरमा बसेर कुनै समस्यासँग नजुधेका बाधा मजदुरका रुपमा काम गरिरहेका मुक्त कमैया परिवारहरु हाल खाने, वस्ने, बालबालीका पढाउने, औधोषी उपचार गर्ने चाडपर्व मान्नुपर्ने जस्ता सम्पूर्ण जिम्मेवारी आफैले वहन गर्न परिरहेको छ । भने अर्को तर्फ हालको अवस्थामापनि जमीन्दारको खेतमा अधिया खेति गर्नु पर्ने बाध्यता छ । जसले गर्दा उनीहरु दासताबाट पूर्ण रुपमा मुक्त हुन सकिराखेका छैनन् ।

कमैया मुक्तिको घोषणा अघि कुनै गृहकार्य नगरिएकाले उनीहरुको मुक्ति पछिको जिवन सन्तोषजनक हुन सकिरहेको छैन सरकार प्रचारमुखी शैलीमा उत्रेर हतारमा यो घोषणा गर्दा मुक्तिको एघार वर्ष पछि पनि यो समस्या प्रवल रुपमा उठिरहेको छ । जसले गर्दा कमैयाहरु कागजी घोषणामा मात्र मुक्त भएको  पाइन्छ ।

## सन्दर्भग्रन्थको सूची

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (सन् २००१) **बोन्डेड चाइल्ड लेवर एमोङ चाइल्ड वर्कस अफ दि कमैयाज** सानेपा ललितपुर : नेपाल

इन्सेक (२०५७), **नेपालमा बाधाश्रम कलंकी**, काठमाडौं ।

उप्रेती वेदप्रकाश (२०५७), **कैलाली विसखेडा श्री पुरका कमैयाहरुको आर्थिक सामाजिक पक्षको अध्ययन,** समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर ।

उपाध्याय श्री रामप्रसाद (२०५६), **नेपालको आर्थिक, राजनैतिक, सामाजिक तथा सांस्कृतिक इतिहास**, रत्न पुस्तक भण्डार, काठमाडौं ।

कान्तिपुर ३ साउन २०५८, कमैया सम्बन्धी लेख ।

गुणरत्ने, अर्जुन (सन् २००२) **मेनी टङ वन पिपुल** द मेकीङ अफ थारु आइडिन्टी इन नेपाल कर्नेल युनिर्भसीटी ।

**गोरखापत्र (२०५९),** साउन ४ गतेको सम्पादकीय ।

भूमिसुधार विभाग (२०५६), **कमैयाको सामाजिक आर्थिक स्थितिको प्रतिवेदन भूमि** सुधार विभाग काठमाडौं ।

प्याकुरेल कैलाशनाथ (सन् १९९४) **इथनीसीटि एण्ड रुरल डेभलेपमेन्ट अ सोसियोलोजिकल स्टडी अफ फर थारु भिलेज इन चितवन नेपाल**, पी.एच.डी डिजर्टेशन मिर्चीगन युनिभर्सिटी अमेरिका ।

विष्ट डोरबहादुर (२०३०), **सबैजातको फूलबारी**, साझा प्रकाशन, काठमाडौं ।

ढकाल भरतमणि (२०५७), **कमैया र सौकी** इन्सेक वर्ष ६ अङ्क ८ ।

**बाधा मजदुर एक अध्ययन** (२०४१), श्रम तथा सामाजिक कल्याण मन्त्रालय

घिमिरे देवेन्द्र (२०५२), **नेपाली आदिवासी थारु ।**

**नेपालमा भूमि अधिकार (२०६०),** सामुदायिक आत्मनिभर सेवा केन्द्र , काठमाडौं ।

**नेपाल पाक्षिक** साउन १-१५ २०५८, कान्तिपुर पब्लिकेशन काठमाडौं ।

वन, ज्योतिलाल (सन् २००४), **कमैया इमेन्सीपेसनः फ्रम विगिनीङ टु द प्रजेन्ट** ।

वेस (२०५१), **कमैयाहरुको अध्ययन,** तुल्सीपुर दाङ ।

लामिछाने रघुनाथ (२०६०) **मुक्त कमैया व्याकवर्डा एजुकेशन सोसाइटी**, तुल्सीपुर दाङ ।

इन्सेक (२०५६) **नेपालमा कमैया प्रथा एक पुनदृष्टि**

रेग्मी महेशचन्द्र (सन् १९७८) **नेपालको आर्थिक इतिहास एक अध्ययन** मञ्जुश्री प्रकाशन, नयाँ दिल्ली ।

जिफन्ट (२०५८) **इम्पेक्ट अफ इन्टरभन्सन अन कमैयाज** रामशाहपथ काठमाडौं ।

फूजिकूरा तात्सुरो (सन् २००५) इमेन्सीपेसन अफ कमैयाजः डिभलोपमेन्ट सोसल मुभमेन्ट एण्ड युथ एक्टिभीजम इन द पोष्ट जनआन्दोलन ।

वराल वासु (२०५८), **सामाजिक संस्थाहरुको विश्लेषण प्रक्रिया** (२०५८) भुवन प्रकाशन काठमाडौं ।

रजौरीया, द्रोणप्रसाद, रजौरिया (सन् १९७७), **दाङ देउखुरीका थारु जातिको मानव शास्त्री अध्ययन ।**

**नेपाल बृहत शब्दकोष २०६१,** नेपाल पज्ञा प्रतिष्ठान , काठमाडौं ।

रवर्टसन र मिश्र (सन् १९९७) **फोर्स टु प्लाउट**, इन्सेक काठमाडौं ।

शर्मा शिव (२०५६) **नेपालको कृषिमा बाधा श्रमः राष्ट्रिय श्रम प्रतिष्ठान**, काठमाडौं ।

क्षेत्री रामबहादुर (सन २००६), **द प्लाइट अफ द थारु कमैयाज इन नेपाल : अ रिभ्यु अफ द सोसल, इकोनोमिक्स एण्ड पोल्टीकल फ्याक्टर,** त्रिभुवन विश्वविद्यालय समाजशास्त्र/मानव शास्त्र केन्द्रीय विभागद्वारा प्रकाशति नवौं वार्षिक अङ्कमा प्रकाशित लेख ।

अपिल केन्द्रीय कमैया उत्थान समिति २०६१, काठमाडौं ।

जनपहुँच वर्ष ३ अंक १ साउन २०६८, काठमाडौं

मुक्त कमैया पुनस्थापना सम्बन्धी संक्षिप्त जानकारी (२०६६), नेपाल सरकार मुक्त कमैया पुनस्थापना कार्यान्वयन समिति भूमि सुधार तथा व्यवस्था मन्त्रालय

काठमाडौं

## प्रश्नावली सूची

### १ सूचनादाताको व्यक्तिगत विवरण

नाम :

उमेरः मिति :

लिङ्ग : नमुना घर नं.

शिक्षा : गा.वि.स.

वैवाहिक अवस्था : वर्डा नं.

पेशा : धर्म :

| सि. न. | नाम | मुख्य सूचनादाता संगको सम्बन्ध | उमेर | लिङ्ग | शिक्षा | पेशा | धर्म | वैवाहिक स्थिती |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |

### २ सूचनादाताहरुको वसोवासको अवस्था

क) मुक्त हुनु पूर्व कसको घरमा वस्नु हुन्थ्यो ।

आफ्नो ☐ जमिनदार ☐

ख) परिवारको लागि हाल प्रमुख आएको श्रोत के छ ।

व्यापार ☐ मजदुरी ☐

खेतीपाती ☐

ग) यदि खेती हो भने ।

आफ्नै ☐ जग्गा अधियामा ☐

**३ कमैया मूक्त पूर्वको अवस्था**

क) तपाई कहिले कमैया बन्नु भएको थियो ?

.........................................................

ख) तपाई कतिवर्ष कमैया बन्नु भएको थियो ?

.........................................................

ग) कमैया हुदाँ मालिकको कति जग्गा कमाउनु हुन्थ्यो ?

.........................................................

घ) काम गरे वाफत मालिकबाट के पाउनु हुन्थ्यो ?

नगद ☐ मसौरा ☐

ऋणको व्याज ☐ कट्टा ☐

लुगा अन्य

ङ) के तपाईको वच्चा पनि जमिनदारको काम गर्दथे ।

थिए ☐ थिएन ☐

ज) यदि थिए भने के काम गर्दथे ?

.........................................................

झ) तपाईको श्रीमती पनि मालिककोमा काम गर्नु हुन्थ्यो ?

थिइन ☐ थिइनन् ☐

### ४. *हालको अवस्था*

क) तपाईसंग भएको जग्गाले तपाईलाई खान पुग्छ ?

पुग्छ ☐ पुग्दैन ☐

ख) यदि पुग्दैन भने के गर्नु हुन्छ त ?

.........................................................

ग) हाल तपाईलाई ऋण छ कि छैन ?

छ ☐ छैन ☐

घ) तपाईले त्यो ऋण किन लिनु भएको हो ?

........................................................

### ५. *कमैया मुक्ति पछिको अवस्था*

क) कमैया मुक्ति पछि तपाई लाई कसले सहयोग गऱ्यो ?

सरकारले ☐ संस्थाले ☐

आफन्तले ☐ मालिकले ☐

ख) छोरा छोरी लाई कसले पढाई दिदै छ ?

सरकारले ☐ संस्थाले ☐

आफै ☐ पढाउदैछु ☐

ग) मुक्ति पछि के फरक भयो ?

**समुह छलफलका क्रममा सोधिएका प्रश्नावली**

हाल जमिनदारसँगको सम्बन्ध कस्तो छ ?

अहिले तपाइहरु स्वतन्त्राको अनुभव गरिरहनु भएको छ ?

के सरकारले उपलब्ध गराउने भनेको जग्गा प्राप्त गर्नु भयो ?

मुक्ति पछि तपाईहरुको जिवनमा के परिवर्तन आयो ?

अहिले तपाईहरुको जिविकोपार्जनको प्रमुख आय स्रोत के हो ?

तपाईहरुले छोराछोरीलाई विद्यालय कम पढाउनुको कारण के हो ?

के तपाईहरुलाई अहिले कसैले सहयोग गरिरहेको छ ?